
# सशक्तिकरण
# तथा
# सामाजिक रूपान्तरणलागि सहजीकरण




Funded by
The European Union

SAHAKARMI SAMAJ
सहकर्मी समाज

# रूपान्तरणका कथाहरू



Dalit Development Society (DDS) 2058 Sahutol, Salyan

CDWN

im INDIVIDUELL MÄNNISKOHJÄLP SWEDISH DEVELOPMENT PARTNER

Terre des hommes Helping children worldwide.

# रूपान्तरणका कथाहरू

## प्रकाशक

SAHAKARMI SAMAJ
सहकर्मी समाज

### केन्द्रिय कार्यालय:

कोहलपुर नगरपालिका–१०, रजना रोड, बाँके, नेपाल
फोन नं. : ९७७-८१-५४००९९, फ्याक्स : ९७७-८१-५४०९९९

### प्रधान कार्यालय:

विरेन्द्रनगर-०९, सुर्खेत, नेपाल
फोन न.. : ९७७-८३-५२०३७८

### संकलन तथा सम्पादन:

सहकर्मी समाज


### अस्वीकरण:

युरोपियन युनियनको आर्थिक सहयोगमा सन्चालित "सुशासनमा नागरिक सहभागीता कार्यक्रम" अन्तर्गत सहकर्मी समाजले रूपान्तरणका कथाहरू (सफलताको कथा पुस्तक) प्रकाशित गरेको छ । कर्णाली प्रदेशका तीन जिल्ला जाजरकोट, कालिकोट र सल्यान जिल्लामा पाँचवटा साझेदार संस्थाहरूको सन्जालन गरेको चार वर्ष कार्यक्रम (२०१९-२०२२) हो । सहकर्मी समाजले यस साझेदारी कार्यक्रमको नेतृत्व गरेको छ । यस प्रकाशनको विषयवस्तु साझेदार संस्थाहरूको जिम्मेवारी हो र यसले कुनै पनि हिसाबले युरोपियन युनियनको विचारको प्रतिनिधित्व गरेको मानिने छैन ।

# प्राक्कथन



युरोपियन युनियनको सहयोगमा सञ्चालित "सुशासनमा नागरिक सहभागिता कार्यक्रम" अन्तर्गत कार्यक्रमको सफलता तथा सिकाइका कथाहरू प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी भएका छौं । यो परियोजना सहकर्मी समाजको नेतृत्वमा अन्य साझेदार संस्था दलित विकास समाज सल्यान, दलित महिला केन्द्र नेपाल, तेरे दे होम्स तथा आईएम स्विडिस डेभलपमेन्ट पार्टनरको सहभागितामा कर्णाली प्रदेशको कालिकोट, जाजरकोट तथा सल्यान जिल्लाका १२ वटा पालिकामा सञ्चालन गरिएको थियो । यो परियोजनाको सहयोगमा स्थानीय नागरिक तथा उनीहरूका संस्थालाई स्थानीय सरकारको योजनातर्जुमा तथा कार्यान्वयनका चरणमा सहभागी हुन तथा उनीहरूको जवाफदेहीता तथा पारदर्शिता प्रवर्द्धनका लागि सहयोग प्रदान गरियो साथै स्थानीय तथा प्रादेशिक सरकारको क्षमता अभिवृद्धिमा सहयोग गरियो जसले गर्दा पारदर्शी, सहभागितामूलक प्रजातान्त्रिक प्रक्रियाका साथै दिगो विकासको प्रवर्द्धन गर्न सकियोस् ।

यो परियोजनाले नागरिक, स्थानीय सरकार तथा प्रादेशिक सरकारको बीचमा सहयोग तथा सहकार्यको वातावरण बनाउनका लागि सहयोग पुऱ्याएको थियो । सीमान्तकृत समुदाय तथा उनीहरूका संस्थाको सशक्तीकरण, उनीहरूको परिचालन तथा स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्नु यो परियोजनाको मुख्यकार्य रहेको थियो । परियोजनाको सहयोगका कारण स्थानीय समूह/नागरिक समाजका संस्था/समुदायमा आधारित संस्थाहरूको सञ्जालले स्थानीय सरकारसँग पारदर्शिता, उत्तरदायित्व तथा निर्णय गर्ने प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चितता गर्नका लागि सक्रियरूपमा पैरवी गरे जसको फलस्वरुप स्थानीय सरकारले योजना निर्माण तथा कार्यान्वयनको चरणमा नागरिकको सहभागिता सुनिश्चित गर्नुका साथै उनीहरूको मागलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । परियोजनाले स्थानीय

सरकारको क्षमता अभिवृद्धि तथा विभिन्न पद्दती निर्माण गर्नका लागि सहयोग गरेको छ, जसले गर्दा उनीहरूले सहभागितामूलक रूपमा पारदर्शी तरिकाले समावेशी योजनातर्जुमा तथा कार्यान्वयन गर्न सफल भएका छन् । संघीयता कार्यान्वयन भएर स्थानीय सरकार गठन भएको परिप्रेक्ष्यमा यो परियोजनाले नागरिक र स्थानीय सरकारबीचको सम्बन्ध बलियो बनाउन योगदान गरेको छ ।

समुदायस्तरमा २०६ सामुदायिक समूह र यसमा आबद्ध पाँच हजार ४ सय ६५ जना व्यक्तिको क्षमता अभिवृद्धि गरेर सुशासन र जवाफदेहीता प्रवर्द्धनका लागि परिचालन गरिएको छ । त्यसैगरी १२ वटै पालिकामा युवा सञ्जाल गठन गरेर उनीहरूलाई स्थानीय नागरिकको आवाज उठाउनका लागि सहयोग गर्न तथा स्थानीय सरकारलाई जवाफदेही बनाउन परिचालन गरिएको छ । यी सामुदायिक समूह तथा युवा सञ्जालले कोभिड-१९ महामारीको समयमा स्थानीय सरकारसँग मिलेर समुदायमा सचेतना जगाउनुका साथै कोभिड-१९ को प्रतिकार्यमा समेत सहयोग गरेका थिए । परियोजनाले गरेको सर्वेक्षणका क्रममा परियोजनको सहयोगका कारण ६१.५३ प्रतिशत मानिस स्थानीय सरकारले प्रदान गर्ने सेवा (जन्मदर्ता, सामाजिक सुरक्षा तथा विवाह, मृत्यु दर्तालगायतका सेवा) प्राप्त गर्ने विषयमा जानकार रहेको पाइयो जबकि परियोजना सुरु हुनुभन्दा पहिले यो संख्या केवल ३.६ प्रतिशत थियो । त्यसैगरी ५०.५८ प्रतिशत थप मानिसमा स्थानीय सरकारको योजना निर्माणका बारेमा ज्ञान बढेको पाइयो जसका कारण स्थानीय समूह/नागरिक समाजका संस्था/समुदायमा आधारित संस्थाहरूको सञ्जालमा आबद्ध ६८.२३ प्रतिशत महिला पालिकाको वार्षिक योजना तर्जुमाको क्रममा सहभागी भएको पाइयो जबकि परियोजना सुरु हुनुभन्दा पहिले यो क्रम केवल १५.९ प्रतिशत थियो । स्थानीयमा स्थानीय तहको योजना तर्जुमाका बारेमा ज्ञान बढेको तथा स्थानीय सरकारसँग प्रभावकारी समन्वय भएका कारण स्थानीय सरकारसँग स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ तथा कृषिसम्बन्धी परियोजनाको माग गर्ने क्रम बढेको छ । यसैको परिणामस्वरुप स्थानीय समूह/नागरिक समाजका संस्था/समुदायमा आधारित संस्थाहरूको सञ्जालका सदस्यहरूले स्थानीय सरकारसँग महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समुदायका लागि वार्षिक योजना तर्जुमाको क्रममा एक हजार ३ सय ३४ परियोजनाको माग गरेका छन् । कोभिड-१९ का कारण सिर्जना भएको अत्यन्त प्रतिकूल परिस्थितिमा समेत लक्षित समुदायका व्यक्तिहरूको उत्साहपूर्ण सहभागिता तथा सहयोग, समुदायस्तरमा रहेका

सहजकर्ता, परियोजनाका कर्मचारी त्था परियोजनाका साझेदार संस्थाहरूको बीचमा प्रभावकारी समन्वय तथा सहकार्यका कारण परियोजनाले आशातीत सफलता हासिल गर्न सफल भएको छ ।

प्रस्तुत प्रकाशन परियोजनका उपलब्धिलाई प्रत्यक्ष रूपमा अवलोकन गरेर तेस्रो पक्षद्वारा तयार पारिएको दस्तावेज हो । यसमा प्रस्तुत सफलताका कथाहरूले हामीले के कस्ता उपलब्धि हासिल गर्न सक्यौं र भविष्यमा के गरिनु पर्दछ भन्ने कुरा प्रस्तुत गर्दछ । यी कथाहरूले कार्यक्रम कार्यान्वयन गरेको स्थानको परिप्रेक्ष्य दर्शाउनुका साथै लक्षित समुदायलाई उनीहरूको अधिकार प्रयोग गर्न प्रोत्साहन गरिरहनेछन् ।

यहाँ प्रस्तुत गरिएका कथाले परियोजनाले कसरी अधिकारग्राहीलाई सचेत बनाउनुका साथै सेवाप्रदायकलाई समेत उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग गरेर सुशासन प्रवर्द्धन तथा स्थानीय साशन प्रक्रियामा पारदर्शिता तथा जवाफदेहीता प्रवर्द्धन गर्न सहयोग गर्‍यो भन्ने कुरालाई प्रष्ट पारेको छ ।

अन्त्यमा, प्रकाशकका तर्फबाट म यो परियोजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने युरोपियन युनियन, कार्यक्रम कार्यान्वयनका क्रममा सहयोग गर्नुहुने विभिन्न सरकारी निकाय तथा परियोजनामा सक्रिय भूमिका खेलेर परियोजनाको सफलतामा सहयोग गर्नुहुने स्थानीय समुदायलाई हार्दिक आभार व्यक्त गर्न चाहान्छु । परियोजनाका सम्पूर्ण साझेदार संस्था तथा यो परियोजनामा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा संलग्न हुनुहुने कर्मचारी तथा अन्य सरोकारवालालाई समेत हार्दिक आभार व्यक्त गर्न चाहान्छु किनकि उहाँहरूको सहयोग बिना यो परियोजनाको सफलता सम्भव हुने थिएन । परियोजनाको समाप्ति भए पनि हामीले काम गरेका समुदायलाई निरन्तर सहयोग गरिरहनेछौं जसले गर्दा उनीहरूले आफ्नो आवाजलाई निरन्तररूपमा उठाइरहनेछन् । परियोजनाको समाप्तिपछि पनि लक्षित समुदायको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि हामी युरोपियन युनियन तथा अन्य साझेदार संस्थासँग निरन्तर सहकार्य हुनेछ भन्ने कुरामा आशावादी छौं ।

अमरबहादुर ऐर
कार्यकारी निर्देशक
सहकर्मी समाज

# विषय सूची

## जाजरकोट


१. दु:खको साथी बन्यो-'सहकर्मी समाज' ...... ७
२. मोबाइल एप्लिकेशन मार्फत शिक्षा क्षेत्र जवाफदेही बनाउँदै भेरी नगरपालिका... १०
३. समानता टोल विकास संस्थाको सन्देश-'भेदभावमुक्त, समतामूलक र सुशासनमैत्री समाज' ...... १३
४. कलिलो उमेरमै सफल सामाजिक अभियन्ता भएका छन्-प्रेम विश्वकर्मा ...... १६
५. "सहकर्मी समाजको प्रेरणाले जनप्रतिनिधि भइयो" - हिराप्रसाद शर्मा ...... १८
६. सहकर्मी समाजको कामबाट प्रभावित छु: शाही ...... २१
७. सबैको प्रेरणा बनेकी छिन् भूपी ...... २३
८. सुशासन नागरिक सहभागिता प्रवर्धनमा सक्रिय 'पश्चिम जाजरकोट विकास समाज' ...... २५
९. "समूह मार्फत सूचना प्रवाह गर्न सहज भएको छ,"- विश्वमित्र शर्मा, कृषि विकास शाखा प्रमुख ...... २८


## जाजरकोट


१०. समुदायमा परिवर्तन ल्याउँदै प्रगति समूह ...... ३०
११. अर्थपूर्ण नागरिक सहभागिता बढेको छ: बुढा ...... ३३
१२. सशक्तीकरणतर्फ अग्रसर धनसरा ...... ३५
१३. समूहगत व्यवसाय, 'सामूहिक टेलर्स'को माध्यमवाट सशक्त बन्दै महिला ...... ३७
१४. वाह ! ललितको कर्म ......
१५. व्यावसायिक खेतीमा जमेकि टेककुमारी पुन ...... ३९


## सल्यान


१६. सामाजिक संघसंस्थाले बाटो देखाइदिने हो अघि बढ्न र काम गर्न स्थानीय व्यक्ति सबल हुनैपर्छ : बोहोरा ...... ४२
१७. महिलाले बनाए, गाउँघर क्लिनिक ......
१८. गैरसरकारी संघसंस्था, नागरिक समाज र सामुदायिक संघसंस्थाले समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ : पुन ...... ४५
१९. महिलाले बनाए, गाउँघर क्लिनिक ...... ४८
गैरसरकारी संघसंस्था, नागरिक समाज र सामुदायिक संघसंस्थाले समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ : पुन ...... ५१
२०. खानेपानीले ल्याएको खुसी ...... ५४
२१. उद्यमी र जनप्रतिनिधि बने दार्माका महिला ...... ५६

# दु:खको साथी बन्यो- 'सहकर्मी समाज'

भेरी नगरपालिका –१ जाजरकोटकी शर्मिला नेपाली (वादी) गाउँमा आँटिली महिलाका रूपमा चिनिन्छिन् । कुनै बेला ऋण लागेपछि अत्यन्त निराश भएकी शर्मिलाको मुहार अहिले उज्यालिएको छ । मनमा जाँगर र हौसला भरिएको छ । उनी उद्यमीको रूपमा पहिचान बनाउँदै छिन् ।



सात वर्षअघि उनले स्वलगानीमा रैथाने कुखुरा पालन गरकी थिइन् । अन्य पशुपक्षीको तुलनामा कुखुराको शारीरिक वृद्धि छिटो हुने भएकोले निकै कम समयमा बढी प्रतिफल लिन सकिन्छ । त्यही बेला बजारमा गिरिराज जातको कुखुरा पालनको लहर चल्यो । गिरिराज बेच्दा बढी फाइदा हुन्थ्यो । एउटै कुखुरा तीन /चार केजीको हुन्थ्यो । बेच्दा कम्तीमा पनि एक हजार रुपिया हात पर्दथ्यो । त्यसपछि उनी ४५ दिनमै हुर्कने ब्रोइलर कुखरातर्फ आकर्षित भइन् । ब्रोईलर कुखुराको माग पनि धेरै हुन्थ्यो ।

मासु उत्पादनका लागि ब्रोइलर र अण्डा उत्पादनका लागि लेयर्स कुखुरा पालन गरिन्छ । उनले लेयर्स जातको कुखुरा पनि थपिन् । लेयर्स जातका कुखुरा पनि धेरै अण्डा उत्पादन गर्छन् । ब्रोइलरको सङ्ख्या पनि बढाउँदै लगिन् । डेढ सय

वटा ब्रोइलर आफूसँग भएका बेला कुखुरामा लाग्ने रानीखेत नामको रोग फैलियो । कुखुरा धमाधम मर्न लागे । झण्डै डेढ लाख रुपियाँ लगानी डुब्यो । उनी निराश भइन् । केही समय चिन्तैचिन्तामा बित्यो । तैपनि विस्तारै आफूलाई सम्हालिन् । निर्धन उत्थान बैङ्कबाट १८ प्रतिशत ब्याजमा एक लाख रुपियाँ ऋण लिइन् । दुर्भाग्यवश त्यही बेला कोभिड-१९को सङ्क्रमण शुरु भयो । कुखुरालाई पनि रोग लाग्यो । कुखुराको सिउर र लोती पहेँलो हुँदै जान थाल्यो । पँखेटा शरीर बाहिर फिँजाउन थाले । टाउको बटार्दै धमाधम कुखुरा मर्न थाले । पुनः लगानी डुब्यो । उनले आफूलाई भाग्यले ठगेको भनेर चित्त बुझाउने प्रयास गरिन् । घरमा झै-झगडा शुरु हुन थाल्यो । निराशाले फेरि एक पटक उनलाई गाँज्यो ।

संयोगवश त्यही बेला सहकर्मी समाजका कृष्ण अधिकारी र जानुका मिससँग भेट हुँदा उनले आफ्नो दुःख सुनाइन् । सहकर्मी समाजका कर्मचारीबाट परामर्श पाइन् । आस पलायो । अढाई वर्षअघि भेरी नगरपालिका वडा नं १ मा गठन भएको फूलबारी समूहको उनी सदस्य बनिन् । युवा उद्यमशीलता र सीप विकास तालिम लिइन् । सहकर्मी समाजले सञ्चालन गरेको सुशासनमा नागरिक सहभागिता कार्यक्रममा सहभागी भइन् । उक्त तालिमको उद्देश्य युवा स्वरोजगार बढाउने, युवालाई स्थानीय सरकारबाट पाउने सेवा सुविधा लिन सक्ने बनाउने र सुशासन प्रर्वधन गर्न युवा परिचालन थियो । “विभिन्न तालिममा सहभागी हुँदा ज्ञान, सीप र क्षमताले भरिए झैँ भयो” उनले भनिन् ।

उनले ब्रोइलर कुखुरा पालनसम्बन्धी व्यवसायिक योजना बनाइन् । आवश्यक कागजात लिएर घरेलु तथा साना उद्योग कार्यालय गएर कुखुरा फार्म उद्योग दर्ता गरिन् । सहकर्मी समाजसँगको सम्पर्कले सकारात्मक सोचको विकास भएको बताउने शर्मिलाले भनिन् “सहकर्मी दुःखको साथी बन्यो । चिन्ताग्रस्त अवस्थामा रहेको बेला समाजसँग सम्पर्क भएको थियो । निराश हुनबाट बचायो । उद्यमशील हुन हौसला दियो ।” उनले सहकर्मी समाजप्रति यसरी आभार व्यक्त गरिन् “ऋण लागेर आत्मबल खस्केका बेला सहयोग पाएँ । कुखुरा पालनका लागि सहकर्मी समाजले ड्रम, कुखुरालाई चारो र पानी खुवाउने भाँडाहरू (फिडर र ड्रिंकर), जस्तापाता र जाली दिएर गुन लगायो ।”

उनले सानो सङ्ख्यामा कुखुरा पालन गरिन् । कुखुराको मल (सुली) लाई करेसाबारीमा हालिन् । लौका, करेला उत्पादन गरिन् । यो बर्खामा उनले तरकारी बेचेर २५ हजार रुपियाँ आम्दानी गरेको उनले बताइन् ।

आई कम पास गरेकी शर्मिला केही महिनाअघि वडा कार्यालय पुगिन् । प्रधानमन्त्री रोजगार कार्यक्रम आएको रहेछ । वडा कार्यलयमा गएर सचिव र अध्यक्षसँग सोधपुछ गरिन् । शर्मिलाले

भनिन्, "गाउँमा टोल विकास समूह गठन भएको वडाध्यक्षलाई थाहै रहेन छ। सबै जानकारी दिएँ।"

गरिब, विपन्न र बेरोजगारका लागि सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन औपचारिक प्रक्रिया पूरा गरिन्। स्थायी रूपमा बसोबास गरेको वडा कार्यालयमा वा स्थानीय तहको रोजगार सेवा केन्द्रमा बेरोजगार दर्ताको निवेदन दिइन्। स्थानीय तहभित्रका बेरोजगार व्यक्तिको रूपमा सूचीकृत भइन्। प्रस्ताव पेश गरिन्। उनको प्रस्ताव छनौट भएपछि १ लाख २३ हजार रुपियाँ उनको बैङ्क खातामा जम्मा भयो। आफ्नो जग्गा नभएकाले दाइको जग्गा भाडामा लिइन्। कुखुराको खोर बनाइन्। "अहिले च्याउ खेती गर्छु। जाडोमा कुखुरा मर्न सक्छ। फागुनदेखि ५ सय कुखुरा किनेर व्यवसाय शुरु गर्छु। कुखुरापालनबाट फाइदा भएपछि जग्गाको भाडा बापत वर्षमा १०/१५ हजार रुपियाँ दिने वाचा गरेकी छुँ," उनले भनिन्।

अहिले फूलबारी समूहको सदस्य सङ्ख्या बढेको छ। शुरुमा २५ जना सदस्य थिए। अहिले सदस्य सङ्ख्या ६५ पुगेको छ। अरु संस्था जस्तो समूहको बैठकमा आउँदा नास्ता दिने, भाडा दिने काम सहकर्मी समाजले गर्दैनथ्यो। त्यस कारण समूहको सदस्य बन्न पहिले धेरैले रुचाएका थिएनन्", शर्मिलाले भनिन् पैसा दिनुभन्दा जनचेतना र ज्ञान दिनु ठूलो कुरा हो भन्ने सबैले बुझे। पैसा तिरेर लिनुपर्ने ज्ञान, तालिम निःशुल्क पाइयो भन्दै अहिले सबै जना सदस्य बन्न चाहेका छन्। हरेक महिनाको २५ गते समूहको बैठक बस्छ। बैठकमा बालविवाह, महिला हिंसा, कुपोषणदेखि आयआर्जन सम्मका कुराहरू हुने गर्छ। समूहका सदस्यले मासिक एक सय रूपैंया बचत गर्न थालेका छन्।

समूहले स्थानीय विद्यालयमा निरीक्षण तथा अनुगमन पनि गर्ने गरेको शर्मिलाले जानकारी दिइन्। "स्कूलमा सरसफाइ गर्ने काम पनि समूहले गरेको छ। स्कूलमा के कस्तो पढाइ भइरहेको बुझ्ने समेत गर्छौं। शिक्षक शिक्षिका नियमित पढाउन आउँछन् आउँदैनन् अनुगमन पनि गर्छौं," उनले भनिन्।

टोलमा गोरेटो बाटो बनाउने लगायतका विकास निर्माणमा समेत समूहका सदस्य जुट्ने गरेका छन्। वडा कार्यालयले स्वरोजगार कार्यक्रम अन्तर्गत दुई लाख रुपियाँ दिएपछि समूहबाट सडक निर्माण गरेको उनले बताइन्। "पहिला जनप्रतिनिधिहरूले बेवास्ता गर्थे तर अहिले कुरा सुन्नुहुन्छ," उनले भनिन्। यस वर्ष समूहबाट टोलमा सिलाइकटाइ तालिम आवश्यक भएको प्रस्ताव वडा कार्यालयमा पेस गर्ने तयारीमा थिइन्। "हाते ट्र्याक्टर र सिलाइकटाइ तालिमको माग गरेका थियौं। यस पटक वडा कार्यालयबाट सिलाइकटाइ तालिम मात्र स्वीकृत भयो। तीन लाख रुपियाँ बजेट छुट्याएको थाहा पाएका छौं," उनले भनिन्।

# मोबाइल एप्लिकेशन मार्फत शिक्षा क्षेत्र जवाफदेही बनाउँदै भेरी नगरपालिका

साक्षर घोषणा हुनेमा जाजरकोट देशकै २४ औँ र भेरी अञ्चलमा दोस्रो जिल्ला हो। जिल्लाका १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत साक्षर भएपछि २०७२ साल फागनुमा जाजरकोट साक्षर जिल्ला घोषणा गरिएको हो ।



'मर्यादा र स्वाभिमानका निम्ति हाम्रो अठोट, सक्षमता र समृद्धिका लागि साक्षर जाजरकोट' भन्ने नाराका साथ यस जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको थियो । अनौपचारिक शिक्षा केन्द्र सानोठिमी, भक्तपुरले साक्षर जिल्ला घोषणा गर्न सफल भएकोमा जिल्ला शिक्षा कार्यालय जाजरकोटलाई प्रशंसापत्र समेत प्रदान गरेको थियो । राष्ट्रभाषा र मातृभाषामा पढ्न लेख्न सक्ने, मोबाइल र क्यालकुलेटरका अङ्क तथा अक्षर चिन्न सक्ने, घडी हेरेर समय बताउन सक्ने, भित्तेपात्रो हेरेर तिथिमिति बताउन सक्ने, अधिकार बारे जानकारी लिने लगायत मापदण्ड प्रुरा गरेपछि साक्षर भएको मानिन्छ ।

साक्षरताको आधारमा भेरी अञ्चलकै नमुना बन्न सफल जाजरकोट जिल्लाका विभिन्न नगरपालिकाहरूले सकारात्मक तथा नयाँ कामहरूको सुरुवात गर्दै आइरहेका छन् । यसैक्रममा नागरिकहरूलाई सरल र सहज सेवा प्रदान

गर्ने उद्देश्यले सहकर्मी समाजको सहजीकरणमा भेरी नगरपालिकाले मोबाइल एप्लिकेशन निर्माण गर्दैछ।

नगरपालिकाका सूचना तथा प्रविधि शाखाका प्रमुख इञ्जिनियर सूर्यप्रसाद लम्सालले सहकर्मी समाज लगायतको संस्थाको सहजीकरणमा नगरपालिका र स्थानीय नागरीकहरूको आवश्यकता अनुसारको मोबाइल एप्लिकेशन्स बन्दै गरेको बताए। सो एप्लिकेसनमा पोर्टल पनि छ र कार्यालयबाटै डाटा अपलोड गर्न सकिने छ। अहिले सफ्टवेयर निर्माणको प्रक्रियामै छ जसमा नगरपालिकाले विगतका वर्षहरूमा गरेका निर्णयहरू समावेश गर्दैछ जसले गर्दा सबै नागरिकहरूलाई सुसूचित हुन सहज हुन सकोस्।

यो एप्लिकेशन बनेपछि गाउँ गाउँमा पुगेर यसरी नगरपालिकाको सूचना लिन सक्नु हुन्छ र वडाबाट पाउने सेवा सुविधाहरू मोबाइलकाट लिन सक्नुहुन्छ भन्ने किसिमको अभिमुखीकरण गर्ने योजना नगरपालिकाको छ। सिस्टम पूरा भइसकेपछि तल्लो तहमा गएर अभिमुखीकरण कार्यक्रम गर्ने र दूरदराजमा गएर एप्लिकेशनको प्रयोग गर्न सिकाउने नगरपालिकाको योजना रहेको इञ्जिनियर लम्सालले बताए।

यो एप्लिकेशन बनाउँदा कुनै एउटा क्षेत्रबाट शुरु गरौँ भन्ने छलफल भयो। कृषि, पूर्वाधार, शिक्षामध्ये शिक्षा रोजियो। किनभने शिक्षा शाखामा दुई जना कर्मचारी मात्र हुनुहुन्छ तर उहाँहरूले ५४/५५ वटा विद्यालयको अनुगमन गर्नुपर्ने भएकाले सो काम सहजरूपमा गर्न सकियोस् भनेर शिक्षासम्बन्धी एप्लिकेशन बनाउने अवधारणा अघि सारियो। विद्यालयको अवस्थाबारे नगर शिक्षा समिति समक्ष जानकारी आउनु पर्‍यो। शिक्षक अनुपस्थित भएको छ भने किन अनुपस्थित भएको हो ? यसको जानकारी हुनु पर्‍यो।

कक्षामा पढाइ भइरहेको छ छैन ? अभिभावक विद्यालयमा जान्छन् कि जाँदैनन् यस बारेमा पनि सूचना आउनु पर्‍यो। विद्यालयमा हुने कमीकमजोरीबारे सबै जानकारी प्राप्त गर्न सहज होस् भन्ने उद्देश्यले नै यो एप्लिकेशन बनाइएको लम्सालले बताए।

अहिले कुन विद्यालयमा के समस्या छ भन्ने बारे पूर्ण जानकारी भइरहेको अवस्था छैन। त्यसैले यो एप्लिकेशनबाट समस्या पहिचान गरेर समाधान खोज्न सजिलो हुन्छ। यो एप्लिकेशनले नगरपालिकाको शिक्षाको अवस्था पहिचान गरेर सो सुधार्नका लागि आवश्यक पहलकदमी लिन तथा नगरसभाले समेत शिक्षा क्षेत्रमा आवश्यक बजेट बिनियोजन गर्न सहयोग पुग्ने लम्सालको धारणा रहेको छ।

यो एप्लिकेशन विद्यालय, विद्यार्थी, आम नागरिकले उपयोग गर्ने छन् र विद्यालयको धारा,

शौचालय, कक्षा कोठाको अवस्थाबारे पनि फोटो खिचेर पठाउन सक्ने छन् । शिक्षक आउँछन् /आउँदैनन त्यो बारे पनि जानकारी दिने छन् वा फोटो खिचेर पठाउन सक्छन् जसले गर्दा सम्बन्धित पक्षको उत्तरदायित्व सुनिश्चित गर्नको लागि समेत सहयोग पुग्नेछ।

"तस्वीर पठाउन नसक्नेहरूका लागि अडियो सन्देश पठाउन सक्ने व्यवस्था गरिएको छ। उनीहरूले स्कूलमा भएको समस्याबारे बोलेर रेकर्ड गरेर पठाउन सक्छन् । सन्देश प्राप्त हुनासाथ शिक्षा शाखाले विद्यालयबाट जानकारी लिन सक्ने छ। विद्यालयबाट सुधार गर्नु पर्ने हो वा नगरपालिकाबाट सुधार गर्नु पर्ने हो कि ? वा अन्य निकाय वा सरोकारवालाले ध्यान दिनु पर्ने हो ? यी यावत विषयमा छलफल हुनेछ। नगर शिक्षा समितिको बैठकमा कुरा राखिने छ।

मोबाइल एप्लिकेशनमा सीमान्तकृत वर्गको पहुँच पुऱ्याउने भन्ने तर्फ समेत हामी सचेत छौं र एप्लिकेशन तयार भएपछि हामीले त्यसका लागि आवश्यक कदम चाल्नेछौं। एउटा घरमा मोबाइल चलाउने कोही न कोही त भइनै हाल्छन्, हामीले उनीहरूको माध्यमबाट कसरी धेरैभन्दा धेरै व्यक्तिहरूलाई सूचना प्रवाह गरेर यसको उपयोगिता बढाउन सकिन्छ भन्ने कुरामा ध्यान दिइरहेका छौ," लम्सालले बताए।

यो एप्लिकेशन छिटै बनिसक्ने र यसले शिक्षा क्षेत्रमा जवाफदेहीता बढाउनको लागि योगदान गर्ने लम्सालको विश्वास रहेको छ।

शिक्षा नै विकासको मूल आधार भएकोले नगरपालिकाले शिक्षाको विकासको लागि प्राथमिकता दिएको भेरी नगरपालिकाका मेयर सिपी घर्तीले बताए । शिक्षा क्षेत्रमा नागरिकहरूको सहभागिता सुनिश्चित गर्न र यससँग सम्बन्धित सरोकारवालाहरूलाई जवाफदेह बनाउन तथा शिक्षा क्षेत्रको विकासका लागि आवश्यक बजेट तर्जुमा गर्न समेत यो एप्लिकेशन सहयोगी हुने उनको विश्वास रहेको छ।

युरोपियन युनियनको सहयोगमा सहकर्मी समाज लगायतका संस्थाहरूले सुशासनमा नागरिक सहभागिता नामक परियोजना मार्फत ६ स्थानीय तहमा मोबाइल एप्लिकेशन बनाउन सहयोग गरिरहेका छन् जसले स्थानीयस्तरमा नागरिकको सहभागिता सुनिश्चित गर्न सहयोग गरेको छ।

# समानता टोल विकास संस्थाको सन्देश- 'भेदभावमुक्त, समतामूलक र सुशासनमैत्री समाज'

जाजरकोट जिल्लाको भेरी नगरपालिकामा ९७ वटा टोल विकास संस्था गठन भएका छन् । जसमध्ये एक हो -'समता टोल विकास संस्था' जुन २०७७ कात्तिक ३० गते गठन भएको थियो । सहकर्मी समाजकी सहजकर्ता सवीता शाह समेत संलग्न भएर संस्था गठन भएको हो । "आ-आफ्नो टोलको विकास गर्न आफै जागरुक हुनु पर्छ । सदस्यहरू मिले टोलको विकासका लागि आवाज उठाउनु पर्छ भन्ने सन्देश सहजकर्ताले बताउँदा सो कुरा हामीलाई ठिकै हो भन्ने लाग्यो र हामीले संस्था गठन गर्यौं," पद्मराज विश्वकर्मा भन्छन् । "शिक्षक पेशाबाट सेवा निवृत्त भएको थिएँ, अध्यक्ष पदमा सर्वसम्मत समर्थन पाएपछि जिम्मेवारी लिएँ ।"



'समानता टोल विकास संस्था' भेरी नगरपालिकाको वडा नं- ३ मा गठन भएको छ । संस्थाको नाम समानता राख्नुको कारण उल्लेख गर्दै अध्यक्ष विश्वकर्मा भन्छन्, "हरेक क्षेत्रमा समानता हुनुपर्छ । महिला पुरुष हुन् वा धनी गरिब । सबैप्रति समान दृष्टिकोण राख्ने, भेदभावमुक्त, समतामूलक र न्यायपूर्ण समाज स्थापनामा योगदान गर्ने उद्देश्यले 'समानता विकास संस्था' नामकरण गरिएको हो ।"

**स्थानीय सरकारसँग वार्ता**

संस्थामा २३ जना महिलासहित २९ जना सदस्य छन् । हरेक महिनाको दुई पटक सदस्यहरूको बैठक बस्छ र यी बैठकहरूमा महिलाको उपस्थिति बढी हुने गर्छ । अध्यक्ष विश्वकर्मा भन्छन्, "सहकर्मी समाजबाट सदस्यहरूले विभिन्न तालिम पाएका छन् र उनीहरू सजग हुनुका साथै सवाल उठाउने तथा पैरवी गर्न सक्षम भएका छन् ।" अध्यक्ष विश्वकर्माले नेतृत्व विकासका साथै प्रस्तावलेखन सम्बन्धी तालिम लिएको जानकारी दिए ।

शुद्ध खानेपानीको अभाव छ । खोलाको पानी पिउनु पर्छ । खानेपानीका लागि बैठकबाट निर्णय गरी आयोजनाको माग गरिएको अध्यक्ष विश्वकर्माले बताए । युरोपियन युनियनको सहयोगमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम शुरु हुनु अघि सदस्यहरू आफ्नो परिचय दिन लजाउँथे । अहिले परिचय दिंदै योजना निर्माण प्रक्रियामा सहभागी हुन थालेका छन् । एक सदस्य भन्छिन्, "बोल्न सक्ने भयौं । अधिकारका लागि आवाज उठाउन सक्ने भयौं ।"

टोलमा घरेलु हिंसा भएको अवस्थामा पदाधिकारीहरूले समाधान गर्दै आएका छन् । जसका कारण हिंसाले चर्को रूप लिएको छैन । संस्था गठन भएपछि स्थानीय स्तरमा योजना तर्जुमा गर्दा सहभागी हुन पाएको अध्यक्ष विश्वकर्माले बताए । बाढी पहिरो रोकथामका लागि तार-जाली व्यवस्थापनका लागि माग गरेकोमा कार्यान्वयन भएको उनको भनाइ छ ।"संँस्थाको तर्फबाट गोरेटो बाटोघाटोको निर्माण गरेका छौं । सरसफाइ भएको छ, कृषि सडक निर्माण र ढल निकासमा नगरपालिकाले सम्बोधन गरेको छ," उनले थपे ।

**जवाफदेहिताको खोजी**

सरोकारवालाहरूलाई वार्षिक एवम् आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने 'टोल विकास संस्था'का सदस्यहरू बताउँछन् । अध्यक्ष विश्वकर्माको भनाइ छ, "स्थानीय आयोजना सम्पन्न गर्ने जिम्मेवारी टोल विकास संस्थालाई दिइनु पर्छ । तटबन्ध होस् वा खानेपानी वा सडक योजनामा हेर्न, बुझ्न र सकेसम्म निर्माणको जिम्मेवारी दिइनु पर्छ । पार्टीका कार्यकर्ताहरू भएर अर्कै उपभोक्ता समिति बनाइन्छ । त्यसमा हाम्रो असहमति छ ।" भ्रष्टाचारका लागि आफ्ना मान्छे राखेर उपभोक्ता समिति बनाइने गरेको सदस्यहरूको आरोप छ ।

स्थानीय सरकारले जिम्मेवारी नदिएको संस्थाका सदस्यको गुनासो छ । अध्यक्ष विश्वकर्मा भन्छन्,"वडाध्यक्ष र नगरपालिकाका मेयरसँग वार्ता हुन्छ । निडर भएर कुराकानी भए तापनि सम्बोधन हुँदैन । यहीं समस्या छ ।" टोल विकास संस्थालाई जिम्मेवारी दिए पूरा गर्ने प्रस्ताव समेत राखिएको उनको भनाइ छ । "हामीले मताधिकार प्रयोग गरे पनि कुनै पार्टी भन्दा पनि नागरिक समाजको प्रतिनिधित्व गर्छौं । पार्टीको प्रचारप्रसारमा संलग्न हुने वा जिम्मेवारी

लिने पनि गरेका छैनौँ" उनले भने, "राजनीतिक परिवेशले पनि हुन सक्छ आफ्नो र अर्को पार्टी जोडेर हेर्ने गर्छन् । जिम्मेवारी पाएपछि काम गर्न नसक्दा कुर्सी (पद)ले पोल्ने अध्यक्ष विश्वकर्मा बताउँछन् ।

संस्थामा रहेका महिला सदस्यहरूले स्थानीय विजय प्राथमिक विद्यालयमा व्यवस्थापन समितिमा बस्न पाउनु पर्ने माग समेत गरेका छन् । जनप्रतिनिधि र कर्मचारीमा अझैं पूर्वाग्रह र यथास्थितिवादी सोंच हटाउनु पर्ने चुनौती रहेको संस्थाका पदाधिकारीहरू बताउँछन् । 'टोल विकास संस्था'ले सरकारी विद्यालय हेर्ने अधिकार छ । वन उपभोक्ता, वडा कार्यालय हेर्ने अधिकार छ । अब सबै टोल विकास संस्थाहरू एकताबद्ध हुनु जरुरी रहेको विश्वकर्मा बताउँछन् । आफूहरूलाई कानूनले तोकेबमोजिम जिम्मेवारी नदिइएमा सङ्गठितरूपमै आवाज उठाउने संस्थाका पदाधिकारीहरूको भनाइ छ ।

समितिकी सदस्य रञ्जना शाहका अनुसार टोलको सरसफाइमा मात्र 'टोल विकास संस्था' केन्द्रित भए हुन्थ्यो भन्ने सोंच जनप्रतिनिधि र कर्मचारीमा रहेको छ । समितिकी अर्की सदस्य भैरवी केसीले 'टोल विकास संस्था' गठन भएपछि के के गर्नु रहेछ भन्ने जानकारी पाएको बताइन् । "अझैं धेरै बुझ्न बाँकी छ," उनले भनिन् । संस्था वचत गर्नेमा मात्र सीमित हुने नहुने सदस्यहरू बताउँछन् ।

**सहकर्मीले जनप्रतिनिधिहरूलाई प्रशिक्षित गरोस्**

समितिका अर्का सदस्य बलबहादुर विश्वकर्मा सरकारी निकायले 'टोल विकास संस्था'को मूल्याङ्कन नगरेको गुनासो गर्छन् । उनी भन्छन्,"माथिल्लो तहमा व्यापक छलफल गर्नुपर्ने खाँचो छ । सहकर्मी समाजले जनतालाई प्रशिक्षित गरेको छ । अब जनप्रतिनिधि र नेताहरूलाई पनि तालिम दिएर प्रशिक्षित पार्नु पर्छ । वडा, पालिका, जिल्ला र प्रदेश तहमै पनि जनप्रतिनिधि र कर्मचारीलाई प्रशिक्षण दिनु पर्छ ।"

सहकर्मी समाजले यो परियोजना अन्तर्गत २०६ वटा टोल विकास संस्था गठन गरेर उनीहरूलाई स्थानीय मुद्दाहरू उठाउन र स्थानीय सरकारको नीति निर्माण तथा निर्णय गर्ने प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्न सहयोग गरेको छ ।



# कलिलो उमेरमै सफल सामाजिक अभियन्ता भएका छन् – प्रेम विश्वकर्मा

भेरिनगर पालिका वडा नं- १, जाजरकोटका प्रेम विश्वकर्मा युवाहरूको कार्यसूचिको विषयमा हरपल सोंचिरहन्छन् । २१ वर्षीय विश्वकर्मा युवा आवाजलाई रेडियोको माध्यमबाट दूरदराजमा फैलाउँदै हरेक क्षेत्रमा युवासहभागिता बढाउने उद्देश्य पूरा गर्न लागिपरेका छन् ।



बीबीएस तेस्रो सेमेस्टरमा अध्ययनरत विश्वकर्मा पत्रकारिता पनि गर्छन् । खलङ्गा -३ थाप्लेस्थित सामुदायिक रेडियो खलङ्गा एफएम माउनले एक वर्ष काम गरेका थिए । त्याहाँ 'जीवन भोगाइ' कार्यक्रम चलाएका उनले त्यसपछि रेडियो जाजरकोटमा 'युवा आवाज' र 'समय संवाद' कार्यक्रम सञ्चालन गरे । किसानले मल नपाएको लगायतका समस्याहरूका बारेमा कार्यक्रम चलाउनुको साथै युवा नेतृत्वलाई जागरुक तुल्याउन बहस कार्यक्रम चलाए । आम सञ्चारको माध्यमबाट मात्र होइन, अन्य क्षेत्रबाट पनि उनी युवाको पक्षमा वकालत गर्दै आएका छन् । सङ्घीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा जनताको आधारभूत तहसम्म पुऱ्याउनु हो, त्यसका लागि जनतालाई सुसूचित गराउनु पर्ने विश्वकर्मा बताउँछन् । जनतालाई सुसूचित गराउन सके सुशासन कायम हुने कुरामा उनी विश्वस्त छन् ।

सहकर्मी समाजको सहजीकरण र भेरी नगरपालिकाको समन्वयमा २०७२ साल तिर गठन भएको 'भेरी युवा मञ्च' मा उनी दुई वर्षअघि सदस्य बने । युरोपियन युनियनको

सहयोगमा सञ्चालित 'सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमले आफूलाई उत्प्रेरित गरेको र पालिकाभित्र काम गर्न सहज भएको विश्वकर्मा बताउँछन् । सहकर्मी समाजबाट नेतृत्व विकास तालिम लिएपछि सुशासनको बारेमा थप जानकारी प्राप्त गरेको अनुभव साझा गर्दै उनले भने "प्रतिवेदन र प्रस्ताव लेखन तालिम पनि लिन पाएँ र यो अवस्थामा पुऱ्याउन तालिमले धेरै सहयोग गऱ्यो । आफ्नो व्यक्तित्व र नेतृत्व क्षमतामा वृद्धि भयो । स्थानीय शासन प्रक्रिया र नीति तर्जुमा र बजेट प्रक्रियाको बारेमा थप जानकार भइयो ।"

मुलुकमा कुल जनसङ्ख्याको ४० प्रतिशत भन्दा बढी युवा छन् । युवा शक्तिको सही सदुपयोग गरी जनसाङ्ख्यिक लाभ हासिल गर्नुपर्ने आवश्यकता रहेको विश्वकर्मा बताउँछन् । उनी भन्छन्, "युवाको आवाज दबिएको लाग्छ । युवा नीतिसमेत पालिकामा बनाइएको छैन ।" युवालाई विनाधितो विना ब्याज ऋण उपलब्ध गराई स्वरोजगार बन्न प्रेरित गर्नुपर्ने उनको सुझाव छ ।

युवा नेतृत्व एवम् जनप्रतिनिधिहरूसँग रेडियोमा बहस कार्यक्रम सञ्चालन गर्दै आएका विक भन्छन् "राजनीतिको नेतृत्व तहमा युवा पुग्न किन सकिरहेका छैनन् ? यो बारेमा बहस कार्यक्रम चलाएँ । स्थानीय तहको निर्वाचनमा वडाध्यक्षका उम्मेदवारहरूबीच बहस गराएँ ।" युवाहरू झोला बोकेर मात्र हिँडेकोमा गुनासो गर्ने विश्वकर्मा नीतिनिर्माण र निर्णय गर्ने ठाउँमा युवाहरूको पहुँच आवश्यक रहेको बताउँदै बहसमा सहभागी उम्मेद्वारहरूले वडामा आएको बजेटको कम्तीमा पाँच प्रतिशत युवाको लागि छुट्याइने प्रतिबद्धता व्यक्त गरेको उनले सुनाए । यस वर्ष युवाका लागि एक लाख ५० हजार रुपियाँ बजेट विनियोजन गरिएको उनले जानरकारी गराए ।

भेरी नगरपालिका वडां नं-१ मा ७ सातवटा सामुदायिक विद्यालय छन् । वडाका विद्यालयहरूको गुणस्तर वृद्धिका लागि कम्तीमा तीन महिनामा एक पटक जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकबीच शैक्षिक गुणस्तरका बारेमा छलफल गर्ने सहमति भएको छ । युरोपियन युनियनको परियोजना अन्तर्गत युवाहरूका लागि बनाइएको बोर्डमा उनी सदस्य समेत छन् । जाजरकोट जिल्लाका सात वटा पालिकामा सञ्जाल निर्माण गरी विभिन्न रचनात्मक कार्यक्रम गर्ने उनको योजना छ ।

सुशासनको क्षेत्रमा काम गर्न रुचाउने विश्वकर्मा युवाको आवाजलाई बुलन्द कसरी गराउन सकिन्छ भन्ने बारे सोचिरहन्छन् । 'सहिद स्मृति युवा क्लब'का अध्यक्षसमेत रहेका विश्वकर्मा आत्मविश्वासका साथ भन्छन्, "युवाहरूको विषयवस्तुहरू उठान गर्दै निरन्तररूपमा वकालत गर्छु र जनतालाई सुसूचित गराइरहन्छु ।"

# "सहकर्मी समाजको प्रेरणाले जनप्रतिनिधि भइयो" - हिराप्रसाद शर्मा

भेरी नगरपालिका वडा नं ९ का वडाध्यक्ष हिराप्रसाद शर्मा सो नगरपालिकामा निर्वाचित सबैभन्दा कान्छा जनप्रतिनिधि हुन् । वडामा नागरिकलाई प्रदान गरिने सेवा तथा नगरपालिकामा हुने सबै निर्णयहरूमा उनको प्रभावकारी भूमिका रहने गर्दछ । सामान्य परिवारमा जन्मेका २९ वर्षीय शर्मालाई यो सबै 'सहकर्मी समाज'संगको आबद्धताले सम्भव भएको हो जस्तो लाग्दछ ।



"म विगतमा निजी विद्यालयमा पढाउँथे । २०७५ माघ महिनामा हाम्रो गाउँमा सहकर्मी समाजको पहलमा सुन्दर सामुदायिक संस्था गठन भएसँगै टोल समूहको सदस्यको रूपमा सहकर्मी समाजसँग जोडिने अवसर पाएको हुँ" शर्माले भने ।

टोलमा हुने सबै कार्यक्रममा सक्रियतापूर्वक सहभागी हुने मौका पाएका शर्मा २०७६ सालमा गठन भएको 'भेरी युवा मञ्च'को अध्यक्षमा सर्वसम्मत रूपमा छानिए ।

त्यसपछि समाजमा हुने गतिविधिलाई नजिकबाट नियाल्ने अवसर पाएको उनको अनुभव रहेको छ। यसैबीचमा सहकर्मी समाजले आयोजना गरेका विभिन्न प्रतिवेदन एवम् प्रस्ताव लेखन, नेतृत्व विकास तालिम, उद्यमशीलता तालिम तथा गोष्ठिहरूमा सहभागी हुने अवसर पाएका कारण आफ्नो नेतृत्व क्षमतामा विकास भएको अनुभव सुनाउँदै शर्माले भने "मलाई वडाअध्यक्ष बनाउन सहकर्मी समाजको ठूलो भूमिका छ। समाजमा हुने विकृति, विसङ्गति न्यूनीकरण गरेर सुखी र समृद्ध नेपाल बनाउन सकिन्छ भन्ने बारेमा सहकर्मी समाजले गजबले सिकाएको छ।"

समस्याको पहिचान गर्दै समाधानको उपाय स्वयं सुल्झाउन सहकर्मी समाजले सिकाएको छ जसले गर्दा सुशासनमा नागरिक सहभागिता, पैरवी लगायतका विभिन्न कामको माध्यमबाट जनचेतना फैलाउन प्रोत्साहन गरिरहेको उनको अनुभव छ।

समस्या समाधानका लागि सम्बन्धित निकायसम्म पुऱ्याउने, वकालत गर्नुपर्ने खालको सन्देश सहकर्मी समाजले प्रवाह गरेको छ जसले गर्दा जनप्रतिनिधिहरूलाई जनताका सवालहरू राम्रोसँग सुनेर उनीहरूको अधिकार सुनिश्चित गर्न प्रोत्साहन गरिरहेको उनले बताए।

उनले आफू वडाध्यक्ष भएपछिका उपलब्धि सुनाउँदै भने "वडाध्यक्ष पदमा निर्वाचित हुनुअघि म प्रश्न गर्ने ठाउँमा थिएँ। अहिले जवाफ दिने ठाउँमा छु। स्थानीय तहको कामलाई प्रभावकारी, गुणस्तरीय, पारदर्शी, मितव्ययी बनाई नागरिकलाई सुशासनको अनुभूति प्रदान गर्ने तर्फ मेरो ध्यान जाने छ। झण्डै दुई सय ५० वडाबासीलाई सहभागी गराएर योजना तर्जुमा गरेको छु। सहभागी युवाहरूका लागि ५ लाख रुपियाँ बजेट विनियोजन गरेको छु। जनचेतनामूलक कार्यक्रमका लागि पनि बजेट विनियोजन गरेको छु। विद्यालय, खानेपानी, स्वास्थ्य तर्फ पनि बजेट विनियोजन गरेको छु।"

त्यस्तै स्थानीय तहको शासन व्यवस्थामा नागरिकको अर्थपूर्ण सहभागी अभिवृद्धि गर्ने तर्फ लाग्ने र अपाङ्ग, दलित, महिलालाई उच्च सम्मान गर्दै सुलभ सहज गुणस्तरीय सेवा प्रवाहका लागि नागरिक अनुगमनलाई प्रभावकारी बनाउने, नागरिक समाज, निजि क्षेत्र, स्थानीय समुदायमा आधारित नागरिक समाज समूह एवम् संस्थाहरूको सहकार्यमा आफ्नो ध्यान जाने शर्माले बताए।

संस्थामा सहभागी हुँदा सिकेको स्थानीय शासनलाई सदाचारयुक्त, अनुशासित, नागरिकप्रति संवेदशील, जिम्मेवार र उत्तरदायी बनाउने कुराहरूमा प्रतिबद्ध रहँदै सुशासनलाई जनताले

प्रत्यक्ष अनुभव गर्ने गरी कार्यालयको समग्र कार्य प्रणालीलाई सुशासनमुखी बनाउन ध्यान दिने प्रण शर्माले गरेका छन् ।

सहकर्मी समाजले जनप्रतिनिधिका लागि क्षमता विकास तालिम दिनुपर्ने आवश्यकता महसुस गरेको उनको अनुभव छ। भेरी नगरपालिकाको १३ वटा वडाका जनप्रतिनिधिलाई सूचनाको हक, सुशासन लगायतका सवालमा तालिमको आवश्यकता रहेको उनको बुझाइ रहेको छ। उनले भने "२९ वर्षदेखि ७० वर्षसम्मका वडाध्यक्षहरूमध्ये केही अनुभवहीन छन् भने कोही नयाँ प्रविधि र कार्यप्रणालीबाट अपरिचित छन् । तसर्थ स्थानीय तहको काम कार्यवाहीलाई खुल्ला, पारदर्शी र प्रभावकारी तथा दिगो एवं परिणाममुखी बनाउने सम्बन्धमा प्रशिक्षण दिनु पर्छ । सेवाग्राहीहरूमा सुशासनको अनुभूति हुने गरी कार्यालय र सेवाग्राहीबिच समन्वय र सहकार्यका माध्यमबाट सुमधुर अन्तरसम्बन्धको वातावरण कसरी सिर्जना गर्न सकिन्छ, यस सम्बन्धमा पनि तालिमको आवश्यकता महसुस गरेको छुँ । राज्य, नागरिक समाज र नीजि क्षेत्रबीच समन्वय र सहकार्य विना दिगो विकास र सुशासन सम्भव छैन ।" नागरिक समाज र स्थानीय सरकार मिलेर जनतालाई प्रभावकारी सेवा प्रदान गर्नका लागि सहकर्मी समाजजस्ता संस्थाको भूमिका प्रभावकारी हुने उनको ठम्याइ रहेको छ।



# सहकर्मी समाजको कामबाट प्रभावित छुः शाही

- **नरेन्द्रकुमार शाही**
**अध्यक्ष, शिवालय गाउँपालिका, जाजरकोट**

गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुअघि शिक्षण गर्दै आएका शाहीले नौ वर्षअघि गठित सहकर्मी समाजले शिवालयमा नौ वर्षदेखि काम गरिरहेको अवलोकन गर्दै आएका थिए। टोल टोलमा गएर सहकर्मी समाजका प्रतिनिधिले समूहहरू गठन गरेको, समूहका बैठकहरू भएको, वचत, समाजिक कार्य लगायतका कामहरू उनले बुझेका रहेछन्।



"गाउँपालिका अध्यक्षमा निर्वाचित भएपछि सुशासन प्रवर्धनमा सहकार्य गरियो। नागरिकको क्षमता अभिवृद्धि गर्नेदेखि लिएर सुशासन प्रवर्धनमा काम गरियो। स्थानीय सरकारले गरेका कार्यहरू पारदर्शी होऊन् भनेर नागरिकलाई सचेत गराउने काम सहकर्मी समाजबाट भएको थियो। स्थानीय सरकारले जे गर्छ, त्यो मान्नु पर्छ। प्रश्न गर्नु हुँदैन भन्ने खालको बुझाइ जनमानसमा थियो। युरोपियन युनियनको सहकार्यमा सहकर्मी समाजले सुशासनमा नागरिक सहभागीता कार्यक्रम सञ्चालन गर्दा टोल समूह गठन गरेर सशक्तीकरण तालिम दिएपछि नागरिकहरू सचेत भएको पाएको छु।"

पहिले पहिले नागरिकहरू गाउँपालिका र आफूहरूको सेवासँग सम्बन्धित सूचना माग्न आउँदैन थिए, उनीहरूलाई सूचनाको हकका बारेमा केही जानकारी थिएन। तर अहिले समय परिवर्तन भएको छ, मानिसहरू उनीहरूको अधिकारको बारेमा जागरूक भएका छन्।

विकास भनेको भौतिक पूर्वाधार मात्र होइन। सडक, भवन, पुल निर्माणलाई मात्र विकासकोरूपमा लिने प्रचलन छ। तर, त्यो मात्र सबै थोक होइन। विकास निर्माणलाई समग्रतामा बुझ्नु पर्छ। सहकर्मी समाजले नागरिकमा चेतना फैलाएको छ। यो पनि विकास हो। नागरिक सचेत नभई पाउनु पर्ने सेवा सुविधा पाउँदैनन्। स्थानीय सरकारको दायित्व बुझेर चासो र चिन्ता नागरिकले लिनु पर्छ। स्थानीय सरकारबाट प्राप्त हुने अधिकारबाट वञ्चित हुनु हुँदैन। नागरिक स्वयं जागरुक भएर स्थानीय सरकारको ढोका ढकढक्याउनु पर्छ भन्ने चेतना सहकर्मी समाजले जगाएको छ। स्थानीय सरकारलाई सहयोग गर्ने र सहयोग लिने बानीको विकास भएको उनको अनुभव रहेको छ।

उनी भन्छन् "'सहकर्मी समाजले गठन गरेका समूहले वचत गर्ने बानीको विकास गराएको छ। वचतलाई सहकारी मोडलमा लैजानेतर्फ सोंच विकास भएको पाएको छु। सहकर्मी समाजको कामबाट प्रभावित भएको छु। सहकर्मी समाजले जनप्रतिनिधिसँग पनि अन्तरक्रिया गरेको छ। सहकर्मी समाजको अभिमुखीकरण कार्यक्रमले जनप्रतिनिधिको पनि क्षमता अभिवृद्धि भएको छ।"



# सबैको प्रेरणा बनेकी छिन् झूपी

शिवालय गाउँपालिका वडा नं-३ की झूपी रावत शारीरिक अपाङ्ग छिन् । उनको जीवन कुनै सिनेमामा देखाइएको वियोगान्त घटनाभन्दा फरक छैन सात वर्षकी हुँदा उनी घरको बार्दलीबाट खसेकी थिइन् । उनी नौ वर्षकी हुँदा आमा बितिन् । १९ वर्षमा विधवा भइन् । २२ वर्षको हुँदा उनका बुवाको पनि मृत्यु भयो ।



अहिले झूपीका छोरा र बुहारीसहित सात जनाको परिवार छ । सानो छँदा घरको बार्दलीबाट भुइँमा बजारिएपछि उनको दाहिने खुट्टामा असर पुग्यो । उनी खसेको कसैले थाहा पाएनन् । अर्धवेहोस अवस्थामा परिवारले उनलाई फेला पारे । अन्धविश्वास व्याप्त हुँदा झारफुक गर्न तिर परिवार लागे । त्यसैले समयमै उपचार भएन । उनी धेरै हिंडडुल गर्न सक्दिनन् । खुट्टा लुला हुन्छन् । तैपनि उनले हरेश खाएकी छैनन् ।

माइतमा उनले पढ्न पाइनन् । छोरा जन्मेको चार वर्षमै उनी एकल महिला भइन् । निरक्षर झूपीलाई पढ्न मन लाग्थ्यो । छोरासँगै उनले पनि कखरा सिकिन् । “छोराले सिकाउँथ्यो । छोरो स्कूल जाँदा मलाई गृहकार्य दिएर जान्थ्यो,” उनले भनिन्, “औंठा छाप लगाउनु पर्दैन । आफ्नो नाम लेख्न पनि छोराबाटै सिकें । मोबाइल चलाउने, सन्देश पठाउने सबै जानेकी छुँ ।”

जीवनभर पीडा पाएको बताउने भूपी अहिले आत्मनिर्भर छिन् । उनले स्वास्थ्य चौकीमा कार्यालय सहयोगिका रूपमा आठ वर्ष काम गरिन् । २०७० सालमा  सहकर्मी समाजसँग उनको सम्बन्ध गाँसियो । सहकर्मी समाजले उनको टोलमा 'सरस्वतीसमूह' गठन गर्‍यो । उनी सदस्य भइन् । समूहमा विभिन्न विषयमा छलफल हुन्थ्यो । मानव, महिला, अपाङ्गका अधिकार लगायतका विषयमा त्यहाँ हुने छलफलले उनलाई हौसला मिल्यो । अपाङ्गको क्षेत्रमा काम गर्ने सोंच बनाइन् । पालिका स्तरीय अपाङ्ग सञ्जाल समिति गठनमा सक्रिय भइन् । उनी मालिका अपाङ्ग सञ्जालकी सदस्य छिन् ।

सहकर्मी समाजबाट उनले विभिन्न तालिम पाएकी छिन् । प्रस्ताव लेखन तालिम, नेतृत्व विकास आदि तालिम लिएकी छिन् । "पहिला आफूलाई निरिह सम्झन्थे । अपाङ्ग थिएँ । टुहुरो छोरालाई हुर्काउनु धौ-धौ थियो," उनी विगत यसरी सम्झिन्छिन् ।

२०७८ साल चैतमा सहकर्मी समाजले युरोपियन युनियनको सहयोगमा 'सुशासनमा नागरिक सहभागिता' कार्यक्रम आयोजना गर्‍यो । स्थानीय तहमा योजना छनौटका सात वटा चरणको बारेमा गरेको अभिमुखीकरण गोष्ठीमा उनी सहभागी भइन् । जनप्रतिनिधि र समूहका सदस्यबीच अन्तरक्रिया भयो । एकल महिला, अपाङ्ग का हक अधिकारका बारेमा स्थानीय सरकारसँग माग राख्नु पर्ने जानकारी प्राप्त भयो । "वडा, पालिका हुँदै प्रदेशस्तरमा समेत कुरा गर्न सक्ने भएकी छुँ," उनी खुशी हुँदै भन्छिन,"माननीयहरूसँग पनि निर्धक्क कुराकानी गर्छु ।"

अपाङ्गहरूलाई सरकारले भत्ता दिन्छ तर, भूपीका अनुसार भत्ताका साथसाथै सीप पनि सिकाउनु पर्छ । "अपाङ्गहरूको अवस्था अनुसार सीप सिकाउनु पर्छ । कसैले कम्प्युटर चलाउन सक्लान् । क्षमता अनुसारको सीप सिकाउनु पर्छ "उनले भनिन् ।

आर्थिक वर्ष २०७८ /०७९ अपाङ्ग लक्षित बजेट अन्तर्गत स्थानीय जातका कुखुरा वितरण कार्यक्रम आरम्भ भयो । नौ वटा वडाका दुई /दुई जनाका दरले १८ जना अपाङ्गका लागि अभिमुखीकरण कार्यक्रम गरियो । २०७९ साल असार ११ गते एक जनालाई दश वटा कुखुराको दरले १ सय ८० वटा कुखुरा वितरण गरियो । यो कार्यक्रम लक्षित समूहमा पुर्‍याउन आफूले पैरवी गरेको भूपीले जानकारी दिइन् ।"सहकर्मी समाजले अघि बढ्न प्रेरणा दियो र वकालत गर्न सिकायो" उनले भनिन् "यस वर्षको लागि पनि प्रस्ताव पेस गरेकी छुँ । प्रस्ताव लेखन तालिम सहकर्मी समाजबाट लिएकी हुँ । पालिकामा अपाङ्ग कर्मचारी राख्न पनि माग गरेकी छु ।"

# सुशासन नागरिक सहभागिता प्रवर्धनमा सक्रिय 'पश्चिम जाजरकोट विकास समाज'

विगतमा स्थानीय तहको योजना तथा बजेट तर्जुमा बारे नागरिकहरूलाई खासै थाहा तथा चासो थिएन, जसले गर्दा ठूल ठूला व्यक्तिहरू वडा र गाउँ विकास समितिमा बसेर योजना तर्जुमा हुन्थ्यो । महिला, दलितको शीर्षकमा विनियो जन हुनुपर्ने बजेट बाटाटाठाहरूले अन्य क्षेत्रमा स्थानान्तरण गरिदिन्थे । अहिले परिस्थिति फेरिएको छ ।



सहकर्मी समाजले महिला, दलितको नाममा आएको बजेट सोही शीर्षकमा खर्च हुनु पर्छ भनेर छलफल चलाएको थियो । त्यसपछि गाउँ विकास समितिमा छलफल भइरहँदा गाउँका दिदीबहिनी गएर घेर्नु भयो । जनप्रतिनिधिहरूले सहकर्मी समाजले उचाल्यो भन्ने खालको आक्षेप लगाए । आरक्षणमा आउने बजेट हाम्रो हो भन्ने खालको सोंचको विकास महिला र दलितमा आएको छ ।

युरोपियन युनियनको सहयोगमा सञ्चालित 'सुशासनमा नागरिक सहभागीता' कार्यक्रमको माध्यमवाट योजनाका चरणहरूको जानकारी तथा सो चरणहरूमा

नागरिकहरू कसरी सहभागी भएर स्थानीय तहलाई जवाफदेही बनाउनु पर्छ भन्ने जानकारी समुदाय तहमा पुगेको छ ।

"सहकर्मी र 'पश्चिम जाजरकोट विकास समाज'का सहजकर्ताले समुदायमा छलफल चलायौँ । अहिले वस्ती, टोल र वडास्तरको योजना छनौट कार्यक्रममा नागरिक सहभागिता बढेको छ । समुदायको आवश्यकताको पहिचान गर्न र स्थानीय सरकारबाट सुशासन प्रवर्धन सक्रिय प्राथमिकता दिन समेत सफल भएको अवस्था छ," 'पश्चिम जाजरकोट विकास समाज'का कार्यक्रम व्यवस्थापक रामप्रसाद शर्माले अनुभव बताए ।

'सुशासनमा नागरिक सहभागिता' परियोजनाले समुदायमा योजना छनौट प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । स्थानीय सरकारको विषयगत शाखाहरू (जस्तो : शिक्षा, स्वास्थ्य, कृषि) मा सम्बन्ध विकास भएको छ । गत वर्ष मात्रै कृषिमा पाँच वटा समूहले प्रस्ताव पेस गरेर झण्डै १२ लाख रुपियाँको बजेट पाएका छन् । तीनवटा भटमास, एउटामा मकै र अर्को तरकारी पकेट क्षेत्र बनेको शर्माले जानकारी दिए । स्थानीय सरकारसँग साझेदारी गरेर गर्ने कार्यमा समूहका सदस्यहरूको अग्रसरता छ । पालिकासँगको साझेदारीमा यो वर्ष दुई वटा बैठक घर निर्माण गरेका छौं । शिवालय गाउँपालिकाकी पूर्व उपाध्यक्ष कुमारी थापा समूहको सदस्य बन्नु भएको छ । समूहको बारे मा धेरै कुरा बुझेपछि सदस्य बन्न स्वयं अग्रसरता देखाएको उहाँको भनाइ छ ।

शर्माका अनुसार अहिले समूहबाट मूल समिति बनेको छ । "सङ्घीयताको मोडल अनुसार, समूहलाई वडास्तरमा लगिएको छ । समाजको बैठकमा समस्याको पहिचान र समाधानका उपायहरू समुदायका सदस्यहरूले नै बनाउनु हुन्छ । कुपोषण, महिलाको पाठेघर खस्ने समस्या, कुरीति, स्वास्थ्य, सरसफाइ, पोषण लगायतका सवालमा बैठकमा छलफल हुन्छ । सडक बिग्रेको, सरसफाइ लगायतका कुराहरूमा पनि छलफल हुन्छ । हामीले सहजीकरणको पाटोमा मात्र काम गर्छौं । नेतृत्व विकासका बारेमा पनि छलफल हुन्छ,"शर्माले भने ।

समूहको सशक्तीकरणको उपलब्धिको वर्णन गर्दै शर्माले भने, "समूहको सशक्तीकरणको कारण समूहका सदस्यहरू वडा सदस्यदेखि वडाध्यक्षसम्म निर्वाचित भएको उदाहरण छ । ११ जना जनप्रतिनिधि भइसकेका छन् । वन, विद्यालयको व्यवस्थापन समितिमा समेत समूहका धेरै सदस्यहरू भएका छन् । समूहका सदस्यमा नेतृत्वतर्फ अग्रसर गराउने काम सहकर्मी समाजबाट भएको हो । 'पश्चिम जाजरकोट विकास समाज' लाई अहिलेको अवस्थामा आइपुग्ने बनाउने पनि सहकर्मी समाज हो । "

समूहका सदस्यहरूको १ करोड ६० लाख रुपियाँ वचत छ। त्यसको ६४ प्रतिशत रकम आयआर्जनको काममा लगानी गरेको र १८ लाखरुपियाँ घुम्तिकोष मार्फत लगानी गरेको र एउटा समूहलाई २० देखि ४० हजार रुपियाँ घुम्तिकोष दिएका शर्माले बताए।

पहिला यहाँका बासिन्दालाई तरकारी खानु पर्छ भन्ने सोंच पनि थिएन। अहिले १३ सय २७ सदस्यको घरमा करेसाबारी छ। कम्तीमा ११ /१२ जना त व्यवसायिक ढङ्गले तर कारी खेती गरिरहनु भएको छ। मौसमीमि /बेमौसमी तरकारी खेती गरिरहेका छन्।

शिवालय गाउँपालिका अन्तर्गत व्यवसायिक तरकारी खेति गर्ने पाँच जनालाई पुनः घुम्तिकोष प्रदान गरेका छौं। दुई जनालाई फलफूल नर्सरीका लागि ६१ / ६१ हजार रुपियाँ दिएका छौं। परम्परागत भन्दा आधुनिक किसिमले कामहरू गरेका छन्। जस्तै : चुकको दानाबाट चुक बनाएर बेच्ने गर्नु भएको छ। पाँच जना सिलाइ कटाइमा व्यवसायिकरूपमा संलग्न रहेका छन्। पशुपालनमा पनि आकर्षण बढेको शर्माले जानकारी दिनुभयो ।

स्थानीय सरकारले लाखौं खर्चेर गर्नुपर्ने कामहरू समूहका व्यक्तिहरूले स्वयंसेवी रूपमा गर्न थालेका छन्। सडक निर्माणदेखि खानेपानीको मुहान मरम्मत एवम् सरसफाइदेखि विद्यालय, स्वास्थ्य चौकी वरपर सरसफाइ भएको छ। समूहका सदस्यले विद्यालयहरूमा पुगेर शैक्षिक गुणस्तर सुधारका बारेमा पनि छलफल चलाइरहेका छन्। स्वास्थ्यतर्फ पोषण र सरसफाईको बारेमा स्वास्थ्य स्वयंसेविका लगायत स्वास्थ्यकर्मीसँग छलफल गर्न थालेका छन्।

'पश्चिम जाजरकोट विकास समाज' को पहिला जग्गा, भवन केही थिएन। शिवालय गाउँ कार्यपालिकाले निर्णय गरेर ऐलानी जग्गा उपलब्ध गरायो। भवन बनाउन समुदाय स्तरमा छलफल चलाएपछि ६८ वटा सामुदायिक समूहहरूले साढे दुई लाख रुपियाँ सहयोग गरे र १० लाख रुपियाँ पालिकाबाट सहयोग प्राप्त भयो भने सहकर्मी समाजले ९ लाख ५० हजार रुपियाँ उपलब्ध गरायो। झण्डै २० लाख रुपियाँ बजेटमा समाजले आफ्नो भवन निर्माण गरेपछि अहिले कार्यक्रमहरू गर्न सहज भएको छ साथै संस्थाको दिगोपन समेत सुनिश्चित भएको छ।

# "समूह मार्फत सूचना प्रवाह गर्न सहज भएको छ,"– विश्वमित्र शर्मा, कृषि विकास शाखा प्रमुख

शिवालय गाउँपालिकामा अहिले एक सय १० वटा समूह दर्ता भएका छन् र गाउँपालिकाको कृषि विकास शाखाले ती समूहहरूलाई आवश्यक सहयोग प्रदान गर्दै आइरहेको छ ।



सो शाखाका प्रमुख विश्वमित्र शर्माले समूहसँग कृषि प्रविधि लगायतका कार्यहरू भइ रहेको समूह र समूहबाहिर रहेका नागरिकलाई कृषि प्रविधि, उन्नत बिउबीजन सम्बधी तालिम, गोष्ठीहरू गरिरहेको जानकारी गराउँदै भन्नुभयो "हामीले अनुदान कार्यक्रम पनि गरेका छौँ । गैरसरकारी संघसंस्थाहरूसँग पनि सहकार्य गरेर कामहरू गरिरहेका छौँ । सहकर्मी समाजले शिवालयमा धेरै समूहहरू निर्माण गरेको छ । गाउँगाउँमा जाँदा कसरी समूह बन्यो ? भनेर सोध्दा जबाफमा सहकर्मी समाजले भन्ने आउँछ । समूहहरू सक्रिय छन् जसले गर्दा हामीलाई काम गर्न पनि सहज भएको छ । हामीले सूचना समूहमा प्रवाह गर्दा लक्षित समूदायमा छिटो

पुगेको महसुस गरेका छौं । कृषि शाखाबाट आह्वान गरिएका प्रस्तावहरू समूहले एकमुष्ट ल्याउनु हुन्छ । त्यही अनुसार काम गर्न सहज भएको छ ।”

एक वर्षदेखि टेलिफोन सेवा शुरु भएको छ । सामाजिक सञ्जालमा सबैको पहुँच छैन । सार्वजनिक स्थलमा सूचना टाँस्ने र सहकर्मी समाजले बनाइदिएका समूहमार्फत कृषि कार्यालय तथा अन्य कार्यालयहरूले सूचना प्रवाह गरिरहेका छन् । समूहका अध्यक्ष, अगुवा कृषकहरूलाई सम्पर्क गरेर सूचना प्रवाह गरिरहेका छन् ।

सहकर्मी समाजले पालिकास्तरमा ‘पश्चिम जाजरकोट विकास समाज’ स्थापना गरिदिएको छ । समन्वय र अन्तरक्रिया गर्न सजिलो भएको छ । शिवालयको नौ वटै वडामा जान सकिन्छ । हरेकमा कहीँ पकेट कार्यक्रम पनि छ । सुन्तला, भट्टमास पकेट कार्यक्रम छ । आगामी दिनमा ओखर पकेट कार्यक्रम पनि सञ्चालन हुने शर्माले जानकारी गराउनुभयो ।



कालिकोट

# समुदायमा परिवर्तन ल्याउँदै प्रगति समूह

समुदायको विकासका लागि दलित महिलाहरू अघि सर्न थालेका छन् । समाजमा हुने सामाजिक गतिविधि, विकास निर्माणजस्ता सार्वजनिक क्रियाकलापमा सहभागी हुँदै उनीहरूले अधिकारको खोजीसमेत गर्न थालेका हुन् ।



कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका-६ मा गठित प्रगतिशील समूहमा दलितहरूको संख्या बढी छ । सुशासनमा नागरिक सहभागिता कार्यक्रमबाट सचेत भएका उनीहरूले विकाससँग सम्बन्धित गतिविधिमा आफ्नो सक्रिय सहभागिता जनाउन थालेका हुन् । २०७६ साल वैशाखमा प्रगतिशील समूह गठन भएपछि समुदायमा नागरिक सहभागिता बढेको छ । समूह गठन भएपछि आफ्नो जीवनमा प्रभाव पार्ने जुनसुकै निर्णय प्रक्रियामा सहभागी हुन पाउँदा उनीहरूलाई सामाजिक क्रियाकलाप संलग्न हुनुपर्छ भन्ने चेतनासमेत फैलिएको छ ।

समूहका अध्यक्ष भीमप्रसाद भट्टराईका अनुसार १६ जनाको समूह छ जसमा नौजना दलित र अन्य सातजना ब्राम्हण र ठकुरी छन् । समूहको बैठक प्रत्येक महिनाको ६ र २५ गते बस्ने गरेको छ । ६ गतेको बैठकमा समूहमा भएको कार्यका बारेमा

छलफल हुनेगर्छ। २५ गतेको बैठकमा केके काम गरियो र अब कसरी जाने भन्ने सम्बन्धी कार्ययोजनाबारे छलफल हुन्छ। बैठकमा बालविवाह न्यूनीकरण, जातीय विभेद, शिक्षा, स्वास्थ्य, विकास निर्माणका विषयमा छलफल हुने अध्यक्ष भट्टराईले जानकारी दिए।

समूहको बैठकमा छलफल गरिसकेपछि त्यसलाई कार्यान्वयनमा पनि ध्यान दिइएको उनले बताए। पहिला त आफ्नो परिचय दिन पनि समूहका सदस्य हिचकिचाउँथे। अहिले निर्धक्क परिचय दिन सक्ने भएका छन्। उनले भने, "स्थानीयस्तरको योजना निर्माण, योजना कार्यान्वयन र योजना अनुगमनमा सक्रिय सहभागी हुनु असल नागरिकको जिम्मेवारी हो। जसका कारण उनीहरूसँग सम्बन्धित विभिन्न विषयमा बजेट विनियोजन गर्न वा छुट्याउन सहयोग तथा दबाब पुगेको अनुभव भएको छ।" विगतमा स्थानीय सरकारको बजेट के कसरी विनियोजन हुन्छ भन्ने थाहा नपाएका समूहका सदस्यहरू अहिले बजेटको खोजी गर्न थालेका छन्।

प्रस्ताव लेखन तालिम लिएपछि स्थानीय र प्रदेश सरकारसमक्ष प्रस्ताव पेस गर्न सकिएको उनले बताए। स्थानीय सरकासँग बजेट माग गरेर स्थानीय भीमहरि प्राथमिक विद्यालयमा सुधार गर्न सकिएको समूहका अध्यक्ष भट्टराईले जानकारी दिए। "कार्यक्रमका लागि बजेट माग्ने तरिका पनि थाहा थिएन। प्रक्रिया मिलाएर बजेट माग्दा सरोकारवालाले पनि सहजै लिएको पाइयो," अध्यक्ष भट्टराईले भने, "१० लाख बजेट पाएपछि विद्यालयको घेरबारा गरियो। बालबालिका पढ्न आउन प्रेरित भएका छन्। पठन पाठनमा पनि सुधार आएको छ। विद्यालयमा शौचालय निर्माण गरिएको छ।" वडामा खानेपानीका लागि प्रस्ताव पेस गरिएको उनले बताए। सहकर्मी समाजले सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत दिएको प्रस्ताव लेखनसम्बन्धी तालिमले धेरै सहयोग पुगेको उनको भनाइ छ।

परियोजना सञ्चालन हुनुअघि सुशासनसम्बन्धी केही जानकारी नभएका समूहका सदस्यहरूले स्थानीय सरकारको पारदर्शिता खोज्न थालेका छन्। सार्वजनिक रूपमा गरिने सार्वजनिक कार्यक्रममा छलफल गराउने कार्यको सुरुवात भएको उनले बताए। उनीहरूमा कार्यक्रमको योजना निर्माण, कति बजेट थियो वा छ र कति खर्च गरियो भन्ने सूचना माग गर्ने संस्कारको विकास भएको छ।

महिनावारीको बेला महिलालाई राखिने छाउगोठ, छाउपडीप्रथा, गरिबी, विभेदलगायत कैयौं सामाजिक परिवेससँग जोडिएको भन्दै समूहले घरदैलोमा जनचेतना फैलाउने काम

गरेको अध्यक्ष भट्टराईले जानकारी दिए। उनले भने, "महिनावारी हुनु भनेको फूल फुलेको अवस्था हो । यसलाई जुठो मान्नु हुँदैन भनेर घरघरमा पुगेर चेतना फैलायौं । सडक नाटकसमेत गऱ्यौं । त्यसपछि अहिले गोठमा सुतेका छैनन् । महिनाबारीको बेला कपडा प्रयोग गर्ने महिलाहरू अहिले सेनिटरी प्याड प्रयोग गर्न थालेका छन् ।" जातीय विभेद न्यूनीकरण गर्न समूहले बेलाबेलामा ब्राम्हण, ठकुरी, दलितबीच सहभोज कार्यक्रम पनि गर्ने गरेका छन्। सहभोज कार्यक्रमले छुवाछुतको अन्त्य भएको छ। पछिल्लो समय २६ कात्तिकमा सहभोज कार्यक्रम गरिएको उनले बताए।





# अर्थपूर्ण नागरिक सहभागिता बढेको छः बुढा

- मनशोभा बुढा
पूर्वउपाध्यक्ष नरहरिनाथ गाउँपालिका

नरहरिनाथ गाउँपालिकाको नौवटै वडामा सहकर्मी समाजले 'सुशासनमा नागरिक सहभागिता' कार्यक्रम लागू गरेको थियो । त्यसैले हामी निर्वाचित भइसकेपछि सहकर्मी समाजसँग समन्वय भयो ।



चार वर्षको अवधिमा यो परियोजनाको प्रभाव सकारात्मक रूपमा परेको छ । सुशासनमा नागरिक सहभागिताले युवा सञ्जाल एवं समूह गठन भएको छ । यो समूह र सञ्जालमार्फत् जनचेतनासम्बन्धी कार्यक्रम सञ्चालन भएका छन् । सुशासनका लागि हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता हुनुपर्छ भन्ने चेतनाको विकास भएको छ । यो परियोजना लागू हुनुपूर्व र अहिलेमा समाजमा धेरै परि वर्तन आएको छ ।

परियोजनाको सुरुवाति चरणमा भन्दा पछिल्लो चरणमा समुदायको उत्साहजनक सहभागिता देखिएको छ । फलस्वरुप महिला तथा दलितले पनि पहिलेको

जस्तो हिचकिचावट बिना नै सशक्त आवाज उठाउन थालेका छन् । अहिले स्थानीय सरकारसँग योजना तर्जुमादेखि नै सक्रिय र अर्थपूर्ण सहभागिता हुन थालेको छ । योजना छनोटमा समूहको भूमिका उदाहरणीय छ। सहकर्मी समुदायले जनतालाई जागरुक बनाउन महत्वपूर्ण भूमिका खेलेकाले यस कार्यक्रमलाई निरन्तरता दिनुपर्छ।

संघ, प्रदेश र स्थानीय तहको सरकारबीच समन्वय गर्न समेत यो परियोजनाले सहयोग गरिरहेको छ । प्रदेश परिषद्मार्फत पनि हामीले आवाज उठाएका छौं । प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय अपेक्षाअनुरुप हुनसकेको छैन ।



# सशक्तीकरणतर्फ अग्रसर धनसरा

धनसरा विष्टको झण्डै आधा उमेर घरभित्र चुलो चौकामा नै बित्यो । सानो छँदा स्कुल जान पाइनन् । बिहेपछि उनले घरधन्दामा जीवन गुजारिन् । घाँस काट्न वन जाने, घरमा पकाउने गरेरै उनको जीवन बित्यो ।



४० वर्षीया विष्टको दिनचर्या अहिले फेरिएको छ । अहिले विभिन्न कार्यक्रममा पुग्छिन् । हरेक कुरामा सहभागिता खोज्छिन् । घरपरिवारदेखि समुदाय, स्कुल, गाउँपालिकाको निर्णय प्रक्रिया, स्रोत व्यवस्थापन र शासनमा सहभागी हुनुपर्ने कुरामा उनले चासो दिन थालेकी छन् । उनको सक्रियता देखेर सबैले सोध्ने गर्छन्, "तपाईंले कति पढ्नु भएको छ, म्याडम ? तर विद्यालयको मुखसमेत देख्न नपाएकी धनसरालाई विगतको पश्चातापभन्दा वर्तमानमा गर्व छ र समुदायको प्रगतिका लागि दिनरात नभनी मेहनत गरिरहेकी छन् ।

विष्टले आफूले विद्यालयको मुखै देख्न नपाए पनि अहिले आफू सचेत हुन थालेको बताउँछिन् । उनी २०७६ माघमा गठित सिर्जनशील महिला समूहको पूर्वउपाध्यक्ष समेत हुन् । समूहमा ४२ जना सदस्य छन् । हरेक महिनाको १० गते बैठक बस्छ । जसमा स्थानीय सरकारसँग योजना माग्नेदेखि बचत गर्नेसम्मका कुरामा छलफल हुन्छ । घरेलु हिंसा, बालविवाह, नागरिकता समस्यालगायतका विविध विषयमा बहस हुन्छ । बैठकमा उठेका यिनै समस्या समाधान गर्नका लागि विभिन्न सरोकारवालाको समन्वयमा कार्ययोजना बनाउने तथा कार्यान्वयन गर्ने

काम हुने गर्छ। समूहमा दुईजना सदस्य पुरुष र ४० जना महिला छन् भने नेतृत्व महिलाले गरेका छन् । गाउँमा महिला समूहले रचनात्मक काम गर्न थालेपछि जाँडरक्सी सेवनकर्ता घटेको र घरेलु हिंसाका घटनामा कमी आएको स्थानीयको अनुभव छ।

बैठक पहिला खुला स्थानमा बस्थ्यो। समूहका सदस्यहरूले वडा कार्यालयमा गएर भवन निर्माणका लागि प्रस्ताव पेस गरे। भवन निर्माणका लागि महिलाले प्रस्ताव पेस गरेपछि वडा कार्यालयले  साढे तीन लाख रुपैयाँ बजेट विनियोजन गऱ्यो। भवन निर्माणका लागि अपुग रकम अहिले प्रधानमन्त्रीसँग रोजगार कार्यक्रमबाट पूर्ति भएको छ। अहिले त्यही भवनमा समूहको नियमित बैठक बस्ने गरेको छ। समूहले कृषि शाखामा पनि प्रस्ताव हालेको छ। खुलालु आधारभूत विद्यालय घेरबाराका लागि पालिकाबाट पाँच लाख सहयोग प्राप्त भएको छ। समूहका सदस्यहरू मिलेर विद्यालयमा पनि घेरबारा गर्ने काम सम्पन्न भएको छ।

उनको सक्रियता र कामप्रतिको लगनशीलताले गर्दा उनलाई विभिन्न संस्था र समूहमा सहभागी हुन प्रस्ताव आइरहेको हुन्छ। अहिले उनी जिल्ला समन्वय समितिमा छन् । "स्कुल गएर पढ्न पाइन पहिला त केही थाहा थिएन तर बिहेपछि श्रीमान्को सहयोग पाएँ र विभिन्न तालिममा सहभागी हुँदा सहकर्मी समाजबाट धेरै कुरा सिक्न पाइयो र औपचारिक शिक्षा बिना नै अगाडि बढ्न सकेकी छु," विष्ट भन्छिन्, "श्रीमान्को पुल निर्माणका क्रममा निधन भयो उहाँ बाँचिरहेको भए अझ धेरै माथि पुग्थें जस्तो लाग्छ किनकि उहाँले मलाई हरेक कुरामा अगाडि बढ्नका लागि प्रेरणा दिने गर्नु हुन्थ्यो।"

विष्टले युरोपियन युनियनको सहकार्यमा सञ्चालित 'सुशासनमा नागरिक सहभागिता' कार्यक्रमले धेरै कुरा सिकाएको अनुभूति गरेकी छन्। उनले २०७७ सालमा तीन दिने नेतृत्व विकास तालिम र सिलाइकटाइ तालिमसमेत लिएकी थिइन् भने २०७८ सालमा एक दिने स्थानीय सरकारसँग स्रोत तथा सेवा मापनसम्बन्धी अन्तरक्रियामा सहभागी भएकी थिइन् । "आर्थिक सहयोगभन्दा पनि चेतना बढाउन सघाए हुन्छ। चेतना बढाउन संघसंस्थाले सहयोग गर्नुपर्छ," विष्ट भन्छिन्, "महिलालाई नेतृत्व तहमा पुऱ्याउन सघाउनु पर्छ।"



# समूहगत व्यवसाय, 'सामूहिक टेलर्स'को माध्यमवाट सशक्त बन्दै महिला

तीज, दसैंलगायतका चाडपर्वमा शरीरमा चिटिक्क मिलेको नयाँ कपडा लगाउने रहर हुन्थ्यो । दर्जीलाई सिलाउन दिँदा कहिल्यै समयमा कपडा तयार नपारदिँदा हामी महिलाले पुरानै कपडा लगाउनु पर्दा दिक्क लाग्थ्यो । हरेक वर्ष जस्तो यो प्रवृत्ति दो होरिन थाल्यो । कालिकोटका महिलालाई चाडबाडका बेलामा नयाँ कपडा लगाउन नपाएपछि झोंक चल्यो र आफै सिलाइकटाइ सिके । त्यसपछि उनीहरूलाई विगतको जस्तो पुरानै कपडा लगाएर चाडपर्व मनाउनु पर्ने बाध्यता अन्त्य भएको छ ।



सहकर्मी समाजको सहजीकरणमा चार वर्षअघि महिलाले सिर्जनशील महिला समूह गठन गरे । सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत महिलाहरू छलफल गर्ने र समस्याको पहिचान गर्न थाले । स्थानीय सरकारसँग सहयोग पनि माग गर्ने निर्णय गरे । वडा कार्यालयमा सिलाइकटाइ तालिको प्रस्ताव लिएर पुगे । समूहकी सदस्य धनसरा विष्ट भन्छिन्, "चाडपर्वमा चिटिक्क परेको कुर्ता सुरुवाल, ब्लाउज लगाउने रहर हुन्थ्यो । दर्जीले समयमा कहिल्यै सिलाइ दिएनन् । तीजमा सिलाउन दिएको ब्लाउज दसैंमा दिए त्यो पनि फिटिङ होइन कोट लाएजस्तो खुकुलो बनाइदिए ।"

समूहकी सदस्य नरहरिनाथ गाउँपालिका–८ की प्याउसरा भण्डाराका अनुसार, बैठकमा पहिलो छलफल नै सिलाइ कटाइसम्बन्धी भयो । चाडपर्वमा तीन घण्टा हिंडेर कपडा सिलाउन जानु पर्थ्यो तैपनि समयमा नपाउने समस्या । "दर्जीले

सिलाउन जान्ने, हामीले कसरी नजानौंला भन्ने छलफल भयो," प्याउसराले भनिन्, "सामूहिक रूपमा वडाध्यक्षलाई भेटन गयौं ।" समूहगत तालिमको माग गर्दै आएका महिलालाई देखेर तत्कालीन वडाध्यक्ष लोकबहादुर विष्टले महिलाको माग पूरा गर्ने आश्वासन दिई वडा कार्यालयबाट सिफारिसपत्र बनाइदिए । सिफारिसपत्र लिएर महिलाहरू पालिका पुगे । त्यसपछि महिलाहरू घरेलु कार्यालयमा पुगेर सिलाइकटाइ तालिमका लागि प्रस्ताव पेस गरे । सहकर्मी समाजले प्रदान गरेको तालिमले प्रस्ताव लेख्न र पेस गर्न सिकाएको उनीहरू बताउँछन् । पालिका र घरेलु कार्यालयले तीन लाख बजेट विनियोजन गरेपछि उनीहरूले पालिका र घरेलु कार्यालयको समन्वयमा तीनमहिने सिलाइकटाइ तालिम लिए । समूहकी सदस्य विष्टका अनुसार, पेटीकोट, भोटो, टोपी, चौबन्दी चोली, कुर्ता सुरुवाल, ब्लाउजलगायत सातवटा आइटम सिकायो । उक्त तालिममा १० जना महिला सहभागी भए पनि दमाईको काम कसले गर्छ श्रीमतीलाई दमिनी गराउँदिन भन्दै कतिपयले श्रीमतीलाई तालिममा पठाएनन् । सीप दमाईको मात्र हुँदैन सीप सिक्दैमा कोही दर्जी हुँदैन भन्दै १० जना महिलाले तालिम लिए । तालिमपछि १० वटा सिलाइ मेसिन, १० वटा कैंची तथा आवश्यक सामग्री उपलब्ध भएपछि महिलाले सामूहिक रूपमा सिलाइकटाइ (टेलरिङ) व्यवसाय सुरु गरेका छन् । महिलाले गाउँमै सुरु गरेको सिलाइ कटाइ (टेलरिङ) बाट ब्लाउज, कुर्तासुरुवाल सिलाउन थालेका छन् । "केटाकेटीको पोशाक पनि सिलाउँछौं," प्याउसरा भन्छिन्, "बाहिर सिलाउन जाँदा तीन सय रुपैयाँ दिनु पर्थ्यो । अहिले पैसा जोगिएको छ ।"

सिर्जनशील महिला समूहले व्यवसायको नाम 'महिला टेलर्स' राखेका छन् । चुलोचौकोमा सीमित महिलाको सिर्जनात्मक कार्यबाट गाउँलेहरू पनि चकित परेका छन् । सुरुमा १० जनाले सुरु गरेका थिए अहिले उनीहरूको प्रगति देखेर यो पेशामा लाग्ने महिलाको संख्या बढिरहेको छ । अहिले २० जना सिलाइकटाइमा आबद्ध भएका छन् । दिला विष्ट भन्छिन्, "आफ्नो र अरुका कपडा सिलाउन बाहिर दर्जीसमक्ष जान परेको छैन ।" महिलाहरूले सर्ट पाइन्ट सिलाउन चाहेका छन् र त्यसका लागि पनि पुनः तालिम लिने योजना बनाएका छन् । महिलाले समूहगतरूपमा टेलर्स व्यवसाय सुरु गरेपछि कतिपय पुरुषहरू पछुताएका छन् । उनीहरू भन्छन्, "त्यतिबेला श्रीमतीलाई पनि तालिम लिन पठाउनु पर्ने रहेछ । बल्ल बुद्धि आयो ।"

सामूहिक टेलर्स सुरु गरेका महिलाहरू भने चालू आर्थिक वर्षमा ६ महिने एड्भान्स तालिमका लागि प्रस्ताव पेस गर्ने योजनामा छन् । विगतमा सीप नै नहुँदासमेत सामूहिक पैरवी गरेर सिलाइकटाइ तथा व्यवसाय सुरु गर्न सफल भएका महिला यसपटक समेत सहयोग प्राप्त गर्नेमा ढुक्क छन् । किनकि उनीहरूले स्थानीय निकायसँग कसरी परियोजना माग्ने र कसरी प्रस्ताव लेख्ने भन्ने कुरा सहकर्मी समाजबाट सिकेका छन् ।

# वाह ! ललितको कर्म

कालिकोट जिल्लाको खाँडाचक्र-७ पिलिका ललितबहादुर मल्ललाई विगत स्मरण गर्दा आँखा रसाउँछ। बुबा ५३ वर्षको हुँदा उनी जन्मिए तर रोजीरोटीका लागि बुबा मुग्लान (भारत) जाने भएकाले अभिभावकीय स्नेह पाएनन् । तीन घण्टा टाढाको विद्यालयमा हिँडेर जानु पर्दा समयमै विद्यालय पुग्दैनथे। पढाइको गुणस्तर खस्कियो र असफल समेत भए।



२६ वर्षीय मल्ल पढाइलाई बीचमै छोडेर २०६८ सालमा भारत गए। भारी बोके। भारतको हिमाञ्चल प्रदेशमा स्याउ टिपे। गह्तुंगो भारी बोके। सिमेन्ट, बालुवा बोके । परदेशको काममा फतक्क गले । यो कामबाट जिन्दगी गुजार्न नसकिने निष्कर्षसँगै खाली हात र भारी मन लिएर मल्ल पुनः घर फर्के। नमिठो बिगतले झस्काइरहेको बेला समेत हार नमानी जीवनको संघर्षमा होमिएका मल्ल अहिले बीबीएस अध्ययनरत छन् भने उनको दिनचर्या र जीवनशैली फेरिएको छ।

खाँडाचक्र युवा क्लबको अध्यक्ष भएका मल्ल सहकर्मी समाजसँग सुशासनमा नागरिक सहभागिता कार्यक्रमको माध्यमबाट जोडिन पुगे। २०७७ सालमा युवा उद्यमशीलतासम्बन्धी सातदिने तालिम कार्यक्रममा सहभागी हुन पुगे । सातदिने

तालिममा सहभागी हुनुलाई उनले भाग्य सम्झेका छन् । मल्ल भन्छन्, "त्यो तालिमले गाउँघरमै केही नयाँ काम गर्नुपर्छ भन्ने सोच दियो । सक्षम र स्वरोजगार हुने प्रेरणा दियो ।"

२०७७ असोज २७ गते उनले सुशासन सबलीकरणका लागि युवा परिचालनसम्बन्धी तालिम लिए । त्यसपछि चारदिने युवा उद्यमशीलता सीप विकास तालिम लिने अवसर पाए । योजना तर्जुमासम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी भएपछि कम्प्युटरसम्बन्धी तीन महिने बेसिक कोर्स गरेका मल्लले तालिमपछि आफ्नो सीपलाई व्यवहारमा उतार्ने निर्णय गरे ।

२०६८ सालमा कम्प्युटरसम्बन्धी तालिम लिए पनि उपयोग भएको थिएन । सहकर्मी समाजले दिएको उद्यमशीलता तालिमपछि उनलाई कम्प्युटरसम्बन्धी आफ्नो सीपलाई उपयोगमा ल्याउने निर्णय गरे । उनले सहकर्मी समाजसमक्ष आफ्नो व्यावसायिक योजना पेस गरे । उनको फोटो स्टुडियो र फोटोकपी सेवा सुरु गर्ने व्यावसायिक योजना छनोट भयो तर व्यवसाय सुरु गर्नका लागि टेबुल, कुर्सी, क्यामरा, कम्प्युटर, प्रिन्टर, माउसलगायतका सामग्री खरिद गर्नुपर्ने भयो । सहकर्मी समाजले २७ हजार पाँच सय बराबरको सामग्री दियो । उनले भने, "एउटा लेमिनेसन मेसिन र फोटोकपी मेसिन पाएँ । त्यसपछि पिलिबजारमा फोटो स्टुडियो र फोटोकपी सेवा सुरु गरें ।" उनलाई व्यावसायिक कर्ममा श्रीमती मीनाले पनि सघाएकी छन् ।

उनले व्यवसाय सुरु गरेपछि पिलिबासीलाई राहत भयो किनकि अब यो सेवा लिन २१ किलोमिटर टाढा सदरमुकाम मान्मा बजार जानु नपर्ने भयो । उनले व्यवसाय बढाउन नगरपालिकासँग समन्वय गरे । आवश्यक सामग्रीका लागि प्रस्ताव पेस गरे । पालिकाबाट ३५ हजार बराबरको सोलार ब्याट्रि उपलब्ध गरायो । उनले फोटो खिच्ने, लेमिनेसन, फोटोकपी सेवालाई अघि बढाए । अहिले उनले घरबाटै सेवा सुरु गरेका छन् । सहकर्मी समाजको सहयोग र आफ्नो मेहनतले जीवन नै फेरिएकोमा उनी मख्ख छन् ।

मल्ल युवा सञ्जालका अध्यक्ष पनि छन् । आफ्नो क्षमता पहिचान गरी गाउँघरमै स्वरोजगार बनाउने उद्देश्यले सञ्जाल गठन गरेको मल्ल बताउँछन् । "विदेशमा श्रम शोषण हुन्छ भने ज्यानसमेत गुमाउनु परेको उदाहरण छ ।" उनी भन्छन्, "युवाहरूले सोंच परिवर्तन गर्नुपर्छ । प्रेरणा दिनुपर्छ ।" सञ्जालमा १५ जना युवा छन् । कसैले बाख्रापालन, कुखुरा पालन, पशुपालनलगायतका स्वरोजगारमूलक काम गरिरहेका छन् । सञ्जाल गठनपछि आत्मबल र आत्मनिर्भरता बढेको उनी बताउँछन् । सहज, सस्तो र प्रचलनको बाटो रोज्दै भारतीय गाउँ-सहरमा रोजगारीका लागि जाने कालिकोटका युवाको माग सम्बोधन गर्न पैरवी

गर्छन् । नगरपालिकाको मेयर कमलबहादुर शाहीसमक्ष माग प्रस्ताव लिएर जाने योजना बनाएका छन् । "युवाको भारत पलायन रोक्नका लागि स्वरोजगार र उद्यमशीलतालाई प्राथमिकता दिनुपर्ने एजेन्डा लिएर जाँदैछौं," उनले भने ।

कार्यक्रमबाट आफ्नो जीवनमा एकदमै सकारात्मक परिवर्तन भोगेका मल्ल आगामी दिनमा यस प्रकारका कार्यक्रम विस्तार गर्नसके वैदेशिक रोजगारीको नाममा नेपाली युवाले खाडीमा गएर सस्तो श्रम बेच्नुपर्ने परिस्थिति अन्त्य हुने बताउँछन् ।



सल्यान

# व्यावसायिक खेतीमा जमेकि टेककुमारी पुन

सल्यान, कपुरकोट गाउँपालिका-४ किमिचौरकी टेककुमारी पुन ८ कक्षा पढ्दा पढ्दै प्रेम विवाह गरिन् । १६ वर्षमै बिहे गरेकी पुनले बिहे गरेको दुई वर्षमै छोरा जन्माइन् । त्यसलगत्तै छोरी जन्मिइन् । दुई सन्तान जन्मेपछि उनलाई छुटे को पढाइलाई निरन्तरता दिन मन लागेपछि कालिका माध्यमिक विद्यालयमा ८ कक्षामा भर्ना भएकी टेककुमारी एसएलसी पनि पास भइन् । पुन भन्छिन्, "क्याम्पस पढ्न सुरु गरिएन ।" उनी महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा गाउँलेको सेवा गर्न थालिन् ।



महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा सेवामा जुटे पनि त्यसबाट हुने कमाइले परिवारका ६ जना सदस्यको घरखर्च चलाउन समस्या हुन थाल्यो । त्यसैक्रममा सहकर्मी समाजको 'सुशासनमा नागरिक सहभागिता' कार्यक्रमका सामुदायिक सहजकर्ता विष्णु गौतमसँग भेट भयो । यो सुशासनमा नागरिक सहभागिता कार्यक्रम सहकर्मी समाज कोहलपुर बाँकेको नेतृत्व र दलित विकास समाजको सहनेतृत्वमा सुरु भएको हो । यो कार्यक्रममा सहभागी हुन उनलाई सहजकर्ता गौतमले सल्लाह दिए । उनको सल्लाहबमोजिम गाउँका महिला सहभागी भएर

किमिचौर सामुदायिक समूह गठन भयो । समूहमा बसेपछि समूहका २१ जना सदस्यले बचत सुरु गरेको १५ महिना भयो । अहिले हरेक महिना प्रतिव्यक्ति दुई सय रुपैंयाँ बचत गर्छन् र बचत गरेको पैसा समूहका सदस्यलाई आवश्यकताअनुसार लगानी गर्छन् । अहिले तरकारीखेती, बाख्रापालन गर्ने सदस्यले समूहबाट ऋण लिएका छन् । बचत र लगानीका सबै हिसाबकिताब समूहका सदस्यले गर्छन् । समूह गठन भएर बचत गर्नु अघि हामीलाई सापटी पाउन धौधौ थियो । सापट दिन हिचकिचाउँथे । सापट दिँदा चर्को व्याज लिन्थे, समूहबाट ऋण लिँदा सस्तो व्याज पर्छ," पुनले भनिन् ।

हरेक महिना समूहको बैठक बस्छ । सुरुसुरुमा आपसमा परिचय र छलफल हुँदैनथ्यो । सहजकर्ता विष्णु गौतमका अनुसार समूहको बैठक, परिचय आदानप्रदान र छलफल गराउन सिकाउनु परेको थियो । गौतमले भने, "सुरुसुरुमा त हामीलाई लाज लाग्छ भन्नुहुन्थ्यो र परिचय नै नगरी हाँस्दै बस्नुहुन्थ्यो । पछि विस्तारै बानी पर्दै गयो ।" समूहमा समावेशी छ । दलित र क्षेत्री पनि सहभागी छन् । समूह गठन हुनुअघि उनीहरू आपसमा परिचय दिन लजाउँथे । अहिले सबैसँग निर्धक्कसँग परिचय दिन्छन् । समूहबाट पालिकाको कृषि शाखामा गई तरकारी बीउबिजन माग गर्छन् । समूहको हरेक महिना बैठक बस्छ । बस्ती र समुदायका समस्याबारे छलफल हुन्छ । आवश्यकता के छ ? त्यसबारेमा छलफल गर्छौं । कुन कार्यक्रमका लागि कहाँ प्रस्ताव पेस गर्ने भन्ने निष्कर्षमा पुग्छौं, पुन भन्छिन्, "खाने पानी, सिँचाइ, तरकारी खेतीलगायतका विषयमा छलफल गरी निर्णय गर्छौं ।"

किमिचौर सामुदायिक समूहमा रहेका महिलाले २०७८ भदौ २५ गते हरियाली कृषक समूह बनाए । एक्लैभन्दा समूहमा रहेर काम गर्दा धेरै सजिलो हुने भएपछि कृषिमा संलग्न मिलेर हरियाली कृषक समूह गठन गरियो," उनले भनिन् । समूहबाट विभिन्न विषयमा सर्वसम्मत निर्णय हुने गरेको छ । किनमेल वा केही कामले बजार जाँदा पालिकामा पनि पस्छन् । केके कार्यक्रम आएको छ ? सोध्छन् र त्यहीअनुसार प्रस्ताव पेस गर्न थालेका छन् । ट्यांकी, पाइप, सिँचाइ ट्यांकीलगायतका निर्माणका लागि गाउँपालिकामा प्रस्ताव राखेर कार्यान्वयन्समेत भएको छ । सहकर्मी समाजको सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत उनीहरूले प्रतिवेदन तथा प्रस्ताव लेखन तालिममा सहभागी भएपछि स्थानीय सरकारसँग माग गर्ने काम सुरु भएको हो । "पहिला थाहै थिएन । कहाँ के हो ? कसरी सहयोग माग्ने ? अरुको अगाडि बोल्नै सकस पर्थ्यो," पुनले विगत स्मरण गर्दै भनिन्, "सहकर्मी समाज र दलित विकास समाजले आयोजना गरेका तालिममा सहभागी

भएपछि धक फुक्यो । बोल्न थालियो । प्रस्ताव लेख्न जानियो । समूहका सदस्यहरूले प्रतिवेदन तथा प्रस्तावना लेखन तालिम, पैरवी, क्षमता अभिवृद्धि, उद्यमशीलता तालिम लिएका छन् । समूहको बैठकमा छलफल गरेर तालिममा कुन सहभागीलाई पठाउने निर्णय गरिन्छ ।

पालिकाद्वारा आयोजित कार्यक्रममा समूहका सदस्य सहभागी हुने गरेका छन् । यो जनातर्जुमा हुनलागेको खबर प्राप्त हुनेबित्तिकै समूहको बैठकमा छलफलसमेत हुन्छ ।

सोच फेरिएकै कारण पुन कृषि पेसामा आकर्षित भइन् । सुरुसुरुमा मौसमअनुसारको थोरै मात्रामा तरकारीखेती गरिन् । सीमित उत्पादनमै चित्त बुझाइन् तर अहिले झण्डै नौ रोपनी जग्गामा तरकारीखेती गर्छिन् । आम्दानी हुन थालेपछि अहिले उनको बारीमा गर्मी, वर्षा, हिउँद वा सुक्खायाममा लगाउने तरकारी देखिन्छन् । ६ वर्षदेखि व्यावसायिक खेतीमा होमिएकी पुनको बारीमा काउली, सिमि, बन्दागोभि, भेंडे खुर्सानीलगायतका तरकारी उत्पादन हुन्छ । उत्पादित तरकारी सल्यानको कपुरकोटमा बेच्छिन् । विगतमा उनले शिक्षकको भरमा छोराछोरीको पढाइ छोडिदिन्थिन् । छोराछोरीको पढाइको स्तरबारे खासै चासो राख्दैनथिन् । अहिले हरेक महिनाको एक पटक विद्यालय पुग्छिन् । अहिले विद्यालयमा गएर छोराछोरीको पढाइबारे जानकारी लिन्छिन् । छोराछोरीबीच विभेद गर्न नहुनेमा अभिभावकलाई सजग गराउँछिन् ।



# सामाजिक संघसंस्थाले बाटो देखाइदिने हो अघि बढ्न र काम गर्न स्थानीय व्यक्ति सबल हुनैपर्छ : बोहोरा

सल्यान, त्रिवेणी गाउँपालिका-६ की प्रेमकुमारी बोहोरा गाउँमा अगुवा महिलाको रूपमा चिनिएकी छन् । कृषिप्रतिको उनको समर्पणको कारण उनलाई वडा वा गाउँपालिकाको कार्यक्रममा अतिथिको रूपमा आसन ग्रहण गराउँछन् ।



बोहोरा गत असोज महिनामा स्थापना गरिएको सुशासनमा नागरिक सहभागिता केन्द्रकी अध्यक्ष हुन् । सहकर्मी समाज कोहलपुर बाँकेको नेतृत्व र दलित विकास समाजको सहनेतृत्वमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम सुरु भयो । चार वर्षअघि टोलटोलमा समूह गठन भयो । सुशासनमा नागरिकको कस्तो भूमिका रहन्छ ? भन्नेबारे सहजकर्ताबाट जानकारी दिइयो । स्थानीय सरकारका कामहरू केकस्ता छन् ? ती कामहरु आमजनतालाई थाहा छ/छैन भन्ने बारेमा सल्लाह सुझाव दिनुहुन्थ्यो," उनले भनिन्, "गाउँ टोलका समूहहरू वडामा संयुक्तरूपमा भेला भइयो । त्यसपछि पालिकास्तरमा गइयो । सबै टोलको समूहबाट नागरिक सहभागिता केन्द्र त्रिवेणी गठन भयो ।"

सुशासनमा नागरिक सहभागिता केन्द्रको विधान बनाइएको छ । १३ जना सदस्य छन् । केन्द्रका पदाधिकारीमा दलित, जनजाति तथा क्षेत्री समुदायको सहभागिता रहेको अध्यक्ष बोहोराले जानकारी दिइन् । सहभागिता केन्द्रलाई पालिकामा दर्ता गर्ने प्रक्रिया जारी छ । गाउँमा गठन भएका समूहले खानेपानीको मुहान सफा गर्ने, सरसफाइलगायतका कार्यहरू गर्दै आएको अध्यक्ष बोहोरा बताउँछिन् । आ-आफ्ना टोलमा भएका समस्याको पहिचान गर्ने र समाधानका उपायबारे पनि समूहमा छलफल हुन्छ । समस्याको प्राथमिकता निर्धारण गरेर समाधान खोज्ने काम गरिन्छ," उनले भनिन् । समूहमा छलफल हुँदा विचार आदानप्रदान हुने गरेको बोहोराले बताइन् ।

समूह गठन हुनुअघि स्थानीय सरकारका काम, योजना, बजेटका सम्बन्धमा जानकारी लिने काम नभएको बताउने बोहोराले स्थानीय तहको योजना प्रक्रिया विकासको आधारशीला भएको र यसमा नागरिकको अर्थपूर्ण सहभागिता हुनु जरुरी रहेको बताउँछिन् । अझै पनि पितृसत्तात्मक सोच छ, योजनातर्जुमा, बजेट विनियोजनका बेला पूर्व जानकारी दिँदैनन र महिलालाई भरसक सहभागी गराइँदैन । महिलाका लागि विगतमा छुट्याइएका बजेट सडक निर्माणमा समेत लगाइएको रहेछ । सोधिखोजी गर्दा पो पत्ता लाग्यो । जुन क्षेत्रका लागि बजेट छुट्याइएको हो, त्यो ठाउँमा लगाइएको पाइएन ।" उनले समूह र स्थानीय सरकारको दिगो सम्बन्ध कायम राख्न जनप्रतिनिधि र समूहका सदस्यबीच अन्तरक्रिया र तालिमको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् ।



सामाजिक संघसंस्थाले बाटो देखाइदिने भूमिकामात्र भएको बताउँदै बोहोराले अघि बढ्न र काम गर्नका लागि स्थानीय व्यक्ति सबल हुनैपर्ने बताइन् । बोहोरा भन्छिन्, “स्थानीय सरकारमा आउने बजेट र महिलाको लागि छुट्याइने बजेटका बारेमा जानकारी दिने संस्था सल्यानमा थिएन । संस्थाहरू बचत गर्ने र ऋण लगानी गर्ने मात्र थिए । सहकर्मी समाज र दलित विकास समाजले दिएको तालिमले धेरै जानकारी पाइयो, उभिएर परिचय दिन नसक्ने महिला समूहमा आबद्ध भएपछि बजेट कहाँकहाँ खर्च भएको छ ? भन्दै सोधिखोजी गर्नसक्ने भएका छन् ।” नेतृत्व विकासको तालिम लिएपछि महिलाहरू आँटिला भएका छन् । विभिन्न विकास निर्माणका समितिमा बस्ने गर्न थालेका छन् ।

अध्यक्ष बोहोराका अनुसार स्थानीय जनता नै अघि सरेपछि मात्र दिगो विकास हुन्छ । महिलाहरूलाई शैक्षिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा सम्मानजनक उपस्थिति गराउनु अहिलेको आवश्यकता भएको महसुस विस्तारै हुन थालेको उनले बताइन् । गाउँपालिका र वडामा नयाँ पदाधिकारी निर्वाचित भइसकेपछि आफू छलफल गर्न जाँदा के सहयोग गर्नु पर्छ ? हामी तयार छौं भन्ने आस्वासन पाएका छौं,” बोहोराले भनिन्, बजेटको सदुपयोग हुनुपर्छ भनेर फर्केका छौं ।”

वडा कार्यालयमा गएर एउटा कोठा व्यवस्था गर्न अनुरोध गरेको उनले जानकारी दिइन् । सुशासनमा नागरिक सहभागिता केन्द्रले गाउँमा बालविवाह अन्त्य गर्ने अभियान अघि बढाएको छ । स्थानीय सरकारको बजेट विनियोजन, योजनातर्जुमा, महिलाका लागि छुट्याइएको बजेट कहाँ लगाउने भन्नेतर्फ पनि आफूहरू लागिरहेको बोहोराले जानकारी दिइन् ।

# महिलाले बनाए, गाउँघर क्लिनिक

१७ वर्षमा बिहे गरेकी सिर्जना केसी गर्भवती छिन् । ९ कक्षामा पढ्दापढ्दै बिहे गरेकी केसी गर्भ जँचाउन गइरहन्छिन् । गर्भावस्थामा जाँच्न पनि सजिलो भएको छ । महिलाहरू पहिलो गर्भ जाँच चौथो महिनामा, दोस्रो जाँच छैटौं महिनामा, तेस्रो जाँच आठौं महिनामा र पाँचौ जाँच नवौ महिनामा गराउँछन् जसमा स्वास्थ्यकर्मीहरूले आवश्यक स्वास्थ्य परामर्श दिन्छन् ।



२७ वर्षीया पुष्पा बुढाथोकी छोराको स्वास्थ्य अवस्थाबारे सजग छिन् । महिनै पिच्छे वजन लिन्छिन् । जन्मनेबित्तिकै छोरालाई बीसीजी खोप लगाइन्, ६ हप्तामा पोलियो, १० हप्तामा डिपिटी र ९ महिनाको हुँदा दादुरा रुबेला लगाइदिइन् । अहिले डेढ वर्षको छोरा स्वस्थ छ ।

सल्यान जिल्लाको त्रिवेणी गाउँपालिका-२ की पुष्पामात्र होइन गाउँका महिलालाई स्वस्थ राख्न सचेत भएका छन् । सन्तानको वजन लिन्छन् । स्वास्थ्य अवस्थाबारे परामर्श लिन्छन् । “पहिला त छोराछोरीले खोप लिए/लिएनन् वास्तै थिएन । खुलाचौरमा बोकेर लैजानु पर्थ्यो अहिले घर छेउँमा गाउँघर क्लिनिक भएपछि सजिलो भएको छ,” पुष्पा भन्छिन् ।

सल्यान, त्रिवेणी-२ मा गाउँघर क्लिनिक भएपछि गर्भवती महिलाले परामर्श लिन थालेका छन् । त्रिवेणी-२ मा रहेको स्वास्थ्य संस्थाबाट सीएमए र अनमी महिनामा

२ पटक गाउँघर क्लिनिक भवनमा आउँछन् । हरेक महिनाको ८ गते गर्भावस्थाका महिलाको स्वास्थ्य जाँच गरिन्छ १९ गते बालबालिकालाई खोप दिने र वजन लिने गरिन्छ ।

**कसरी स्थापना भयो ?**

गाउँघर क्लिनिक स्थापना सजिलै भएको होइन । गाउँमा खुल्ला आकाशमुनि चौर वा कुनै व्यक्तिको घरमा खोप लगाइन्थ्यो । वर्षामा शारदा खोला उर्लन्थ्यो जसले गर्दा खोप लगाउन कोही जान सक्दैनथे र गर्भवती जाँचसमेत हुँदैनथ्यो । वडा कार्यालयमा महिलाहरू गुनासो गर्थे तर, बजेट विनियोजन नहुँदा हरेक वर्ष महिला निरास हुन्थे ।

सहकर्मी समाजको नेतृत्व र दलित विकास समाजको सहनेतृत्वमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम सुरु भयो । ३९ जना महिलाको सहभागितामा शारदा सामुदायिक समूह गठन भएपछि एकजुट भएर महिलाहरू त्रिवेणी पालिकामा पुगे । शारदा सामुदायिक समूहकी सचिव राधा बुढाथोकी (घर्ती)का अनुसार, बैठकमा गाउँघर क्लिनिक बनाउनु पर्नेमा सबैको एकमत भयो । "पहिला गर्भवती जाँच गराउन, शिशुको वजन लिन टाढा जानु पर्थ्यो । बीचमा शारदा नदी पर्छ । बर्खामा एक घण्टा जति लाग्थ्यो उक्त कुरा राख्न हामी वडा कार्यालयमा गएर केही बजेट दिनुहोस् नपुगेको हामी श्रमदान गर्छौं भनेर अनुरोध गर्‍यौं । महिलाको पैरवीको कारण पालिकाको स्वास्थ्य कार्यालयबाट एक लाख २५ हजारको बजेट विनियोजन भयो । त्यो बजेटले पक्की भवन नबन्ने भयो । भवन बनाउन पालिकाबाट आएको बजेट अपुग भएपछि समूहका महिलाहरू निर्माण गरेरै छोड्ने वाचा गर्दै कस्सिए । पालिकाबाट फ्रिज हुन लागेको एक लाख बजेट पलास्टर गर्ने बेला हालियो, पैसाले नपुगेपछि समूहका सदस्य आफै मिलेर स्वयंसेविरूपमा शारदा नदीबाट बालुवा, ढुंगा बोक्यौं, सिमेन्टमात्र किन्यौं । जंगलबाट काठ ल्याउने काम पनि महिलाले गरे । समूहका सदस्यले १४ दिन जनश्रमदान गरेर स्थानीय सरकारसँग समन्वय गरी सरकारी जग्गामा गाउँघर क्लिनिक स्थापना गरिएको सचिव बुढाथोकीले जानकारी दिइन् ।

वडा कार्यालयले शौचालय निर्माणका लागि ५० हजार बजेट उपलब्ध गराएको थियो । वडा नं २ का वडाध्यक्ष हस्तबहादुर रामजाका अनुसार, गाउँघर क्लिनिक भवन बनेपछि स्थानीय बासिन्दालाई लाभ पुगेको छ । सहकर्मी समाजको नेतृत्वमा जनप्रतिनिधिलाई नेतृत्व विकास र सुशासनमा नागरिक सहभागिता कार्यक्रममा सहभागि हुन पाएकोमा उनले खुसी व्यक्त गरे ।

समूह गठन भए महिलाले सुरुसुरुमा बचतमात्र गर्थे अहिले खानेपानी, शिक्षा, स्वास्थ्य, सडक सरसफाइ, स्थानीय सरकारका कार्यक्रम, माग गर्ने विषयबारे छलफल हुन थालेको छ ।

**सशक्तीकरणतर्फ समूह**

शारदा सामुदायिक समूहले बिहे तथा भोजभतेर तथा पूजाआजामा उपयोग गर्ने भाँडाकुडा खरिद गरेको छ। जुन समूहभित्रका व्यक्तिका लागि एक दिनको पाँच सय रुपैंयाँ भाडा लाग्छ भने समूहबाहिरको व्यक्तिका लागि  आठ सय रुपैंयाँ भाडा लाग्छ। भाडा दिएवापत आएको रकम बचत गर्ने गरिन्छ। समूहले डेकसमेत खरिद गरेको छ। समूहका महिला एकैनासको ड्रेसमा सजिँदै मादल लिएर बिहे कार्यक्रममा गएर नाचगान गर्छन् र यस्ता क्रियाकलापबाट संकलित रकम विभिन्न सामाजिक कार्यमा खर्च गर्ने गर्दछन्।

गाउँघर क्लिनिक भवनमा वायरिङ्ग गर्ने, रंगरोगन गर्ने, क्लिनिकमा आएका बिरामीलाई जाँच गर्नका लागि खाट खरिद गर्ने, भवन अगाडि साइनबोर्ड टंग्याउने योजना समूहका महिलाले गरेका छन्।



# गैरसरकारी संघसंस्था, नागरिक समाज र सामुदायिक संघसंस्थाले समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ : पुन

**- दुर्गाबहादुर पुन**
**अध्यक्ष कपुरकोट गाउँपालिका, सल्यान**

सल्यान, कपुरकोट गाउँपालिका-३ का दुर्गा पुन डेढ वर्षको हुँदा बुबाको निधन भयो। उनले बुबाको तस्वीरसमेत देखेका छैनन्। आमा र दाजुहरूको सहयोगमा हुर्केका पुनले दैनिक स्कुलसमेत जान पाएनन्। तीन दाजुभाइ पालो गरेर गोठाला जान्थे। तर, विद्यालयमा पुन पहिलो वा दोस्रो हुन्थे।

अधिवक्ता हुने चाहनाले पाल्पास्थित त्रिभुवन बहुमुखी क्याम्पसमा कानुन विषय अध्ययन गरे। पुन क्याम्पसमा अध्ययन गर्दा राजनीतिमा आकर्षित भए। स्वतन्त्र विद्यार्थी युनियनमा सदस्यमा निर्वाचित भए।



उनको चाहना वकालत गर्ने थियो । तर, मुलुकमा चलेको सशस्त्र विद्रोहमा मुद्दाको चाप न्यून थियो । उनी पत्रकारितार्फ लागे । केही समय पत्रकारिता गरे । त्यसपछि उनी दिगो विकासका लागि जनसहभागिता कार्यक्रममा जिल्ला संयोजकका रूपमा काम गरे । जीटीजेड (जीआईजेड)मा झण्डै दुई वर्ष सल्यानमै रहेर काम गरे । २०६६ सालमा दलित विकास समाज (डीडीएस) मा कार्यालय प्रमुखका रूपमा काम गरे । पछि त्यो पदलाई कार्यकारी निर्देशकमा परिणत गरियो । उनी कार्यकारी निर्देशकका रूपमा झण्डै १२ वर्ष काम गरे । "आयआर्जन, सुशासन, निर्माणलगायत विभिन्न क्षेत्रमा काम गरेको अनुभव लिइयो । कतिपय शिक्षा र स्वास्थ्य क्षेत्रमा काम गर्दा स्थानीय तहमा भिज्न सजिलो भयो," उनले भने ।

**जनप्रतिनिधिविहीन त्यो बेला**

मुलुकमा स्थानीय तहको निर्वाचन भएको थिएन । स्थानीय तह जनप्रतिनिधिविहीन थियो । उनले सचिवहरूसँग मिलेर काम गरे ।

समय परिस्थितिवश आफूले जीवनलाई फरक मोडमा पुऱ्याएको उनी बताउँछन् । पछिल्लो चरणमा स्थानीय तहको निर्वाचनको बेला उनलाई जनप्रतिनिधि हुन प्रस्ताव आयो । साथीहरूकै आग्रहमा उनले वैशाख १० गते कार्यालयमा राजीनामा गरे । वैशाख १२ गते उम्मेदवारी दर्ता गरे । मतदाताले उनलाई गाउँपालिका प्रमुखमा निर्वाचित गरे ।

**जनप्रतिनिधि हुँदाको अनुभव**

गाउँपालिका प्रमुखमा निर्वाचित भएको ६ महिना भइसक्यो । हिंजोको दिनमा स्थानीय सरकारका प्रमुखलाई धेरै तालिम दिइएको उनी बताउँछन् । "योजना तर्जुमादेखि कार्यान्वयन, पारदर्शितालगायतका सवालमा तालिम दिँदै हिँडियो," उनी भन्छन्, "हिंजो मैले जसलाई सिकाउँथे । आज आफै त्यही कार्यान्वयन गर्ने ठाउँमा आएको छु । अग्नी परीक्षामा छु ।" उनलाई  स्थानीय तहका प्रमुखले किन काम गर्न नसकेका होलान् ? भन्ने लाग्थ्यो ।  समुदायबाट आएका माग किन सम्बोधन गर्न नसकेका होलान् ? भन्ने महसुस हुन्थ्यो । त्यतिबेला मागलाई प्राथमिकता निर्धारण गरेर काम गरे भइहाल्थ्यो नि भन्ने लाग्थ्यो । तर, अहिले अनुभूति फरक भएको छ । "सैद्धान्तिक र व्यावहारिक पक्षबीच तारतम्य मिलाउन गाह्रो पर्ने रहेछ भन्ने महसुस भएको छ," उनले भने

पालिकामा ४५ करोडको बजेट भए पनि १०/१२ करोडमात्र खर्च गर्न मिल्ने अवस्थामा हुने उनले बताए । "मानव संशाधन परिचालन, तलबभत्तामा धेरै बजेट खर्च हुँदो रहेछ ।

हिँजो सैद्धान्तिकरूपले जे कुरा भनिन्थ्यो । त्यो हुँदो रहेन छ । यसको व्यावहारिक जटिलता रहेछ ।" उनले भने, "सहयोगी हातहरूको खोजी गर्नुपर्ने रहेछ । संघसंस्थासँग सहयोग लिएर काम गर्ने आत्मविश्वास छ ।"

सरकारी, निजी साझेदारीमा पनि जोड दिनुपर्ने पुनले बताए । "सेवाग्राहीले पनि अपनत्व लिने गरी लगानीमैत्री वातावरण बनाउनुपर्ने जरुरी छ । विभिन्न सहयोगी निकायका लागि पालिकामा लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ । लगानी गर्न आउनेलाई सम्मानित छु है भन्ने अनुभूति दिलाउनु पर्छ ।"

"नागरिक र सरकार एक अर्काको पूरक हुन्," पुन भन्छन्, "नागरिकले मात्र पनि केही गर्न सक्दैन । सरकारको संरक्षण आवश्यक पर्छ । त्यस्तै सरकारले नागरिकसँग सहकार्य नगरी काम गर्नै सक्दैन । यो सम्बन्ध परिपूरक हुनुपर्छ । संघसंस्थाले मध्यस्थकर्ता र वकालतको काम गरेर भोलेन्टियर कार्यकर्ताको रूपमा सहयोग गर्नुपर्छ," उनले भने ।

गैरसरकारी संघसंस्था, नागरिक समाज र सामुदायिक संघसंस्थाले समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नुपर्नेमा पालिका प्रमुख पुनले जोड दिए । गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना, सुशासन, सबलीकरण र कर्तव्यबोधमा सहयोग पुग्ने भएकाले संघसंस्थाको आवश्यकता पर्ने उनले बताए । "संघसंस्थालाई पालिकाको हितमा लगाउनु पर्छ । जतिसक्यो सहयोग गर्नुपर्छ । संघसंस्थालाई सम्मान गर्नुपर्छ । बाधा अड्चन फुकाइ दिनुपर्छ ।"

मुलुक संघीय संरचनामा गए पनि प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सुदृढ हुनुपर्ने उनले सुझाव दिए । उनले थपे, "स्थानीय तहलाई नै आधार मानेर संघ र प्रदेशले कार्यक्रमको डिजाइन गर्नुपर्छ । संघ र प्रदेशको छुट्टै भूगोल छैन । जति पनि योजना बनाउँदा स्थानीय तहको गाउँसभाले पास गरेका योजनालाई प्राथमिकतामा राखेर निर्माण गर्नुपर्छ । बजेट परिचालन गर्दा स्थानीय तहलाई मुख्यद्वार बनाउनु पर्छ । त्यो हुन सकेको छैन ।"

# खानेपानीले ल्याएको खुसी

२० वर्षमै प्रेम विवाह गरेकी सल्यान, दार्मा गाउँपालिकाकी नवीन्द्रा ओली (भट्टराई)लाई नयाँ घरमा जिम्मेवारी सम्हाल्न सकस पर्‍यो । बिहान चारबजे उठ्नु पर्थ्यो । डोको बोकेर पानी बोक्न कुवामा पुग्नु पर्थ्यो । कुवामा पानी भर्नेको भीड हुन्थ्यो । लाइन लागेपछि गाग्रीमा पानी भर्न पाइन्थ्यो ।

कुवामा संग्लो भएको बेला पानी लिनका लागि उनी झिसमिसेमै डराइडराई पुग्ने गर्थिन् । कुवामा कहिलेकाहीं पानीको अभाव हुन्थ्यो । "सुत्केरी भएको बेला डोको बोकेर त्यसरी हिँड्नु हुँदैनथ्यो । तर, त्यो बाध्यता थियो," उनले भनिन् ।



घरका सदस्यका लागि मात्र होइन पशुका लागि पनि उनले पानी बोक्थिन् । पानीको समस्याले उनलाई कहिले काहीं रुन मन लाग्थ्यो । बालबालिकाको कपडा फोहोर हुन्थ्यो । पानीको समस्याले फोहोर कसरी सफा गर्ने होला ? उनलाई चिन्ता हुन्थ्यो । "दिनहुँ ६/७ खेप पानी ओसार्नु पर्थ्यो," ओलीले भनिन्, "माइतीमा पानी बोक्ने बानी थिएन । घर आएपछि सबै काम गर्नु पर्‍यो । दुःख पाइयो ।"

**कसरी आयो परिवर्तन ?**

पिउने पानीको समस्या भोगिरहेका महिलाहरू दिक्क थिए । त्यसैबेला महिला स्वयंसेविकाले समूहमा जाउँ भन्दै नवीन्द्रालगायतका महिलालाई लगे । त्यहाँ सहकर्मी समाजका नेतृत्वमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम सुरु भएको रहेछ । २० जना महिलाले समूह गठन गरे । २०७५ सालमा कोपिला सामुदायिक

समूह गठन भयो । सर्वसम्मत रूपमा समूहको अध्यक्षमा नवीन्द्रा चुनिइन् ।

सहजकर्ताले समूहमा छलफल गर्ने, वडामा गएर योजना माग गर्ने लगायतका कुरा सिकाइन् । समूहकी अध्यक्ष ओली भन्छिन्, "पहिलापहिला योजना आउँछ । अरुले बनाइदिन्छन् भन्ने लाग्थ्यो । त्यस्तो होइन रहेछ । आफै माग गर्न जानुपर्ने रहेछ ।"

समूहमा आबद्ध भएपछि हरेक महिनाको अन्तिमसाता बैठक बस्न थाल्यो । स्थानीय सरकारसँग शुद्ध पिउने पानीका लागि माग गर्ने सर्वसम्मत सहमति भयो । समूहका ६/७ जना महिला मिलेर वडा नं २ कार्यालयमा गएर वडाध्यक्षलाई भेटेर एक स्वरमा माग राखे । "खानेपानीको समस्या छ । पानी बोक्दाबोक्दा हैरान भइयो । यस पटक खानेपानीको योजना पार्नु पर्‍यो ।" वडाअध्यक्षले हुन्छ भन्दै सहमति जनाए । तर, योजनामा परेन । पटकपटक वडा कार्यालयमा गए । प्रतिवेदन तथा प्रस्ताव लेखन तालिम लिएका सदस्यले दोस्रो पटक प्रस्ताव नै पेस गरे । खानेपानीको दुई लाखको योजना पर्‍यो । महिलाको नेतृत्वमा उपभोक्ता समिति गठन गरियो । २०७८ मा नवीन्द्राकै अध्यक्षतामा उपभोक्ता समिति बन्यो । पालिकाबाट बजेट आएपछि रत्ने खोलामा पानी ट्यांकी निर्माण गरे । दुई सय लिटरभन्दा बढी पानी अट्ने ट्यांकी निर्माण भयो ।

ट्यांकी निर्माण गर्ने क्रममा अन्य सामान पनि लाग्यो । "चार महिनासम्म उधारोमै काम चलाइयो । पालिकाबाट बजेट आएपछि तिरियो," उनले भनिन् । खानेपानीको ट्यांकी निर्माणको लागत झण्डै तीन लाख पुग्यो । कसरी तिर्ने समूहमा छलफल भयो । घरघरबाट १०/१० हजार उठाउने निर्णय भयो । समूहमा रहेका पुरुषले १० हजार उठाउन अस्वीकार गरे । भ्रष्टाचार भएको आशंकामा खातापाता हेर्न खोजे । महिलाहरूले पारदर्शी ढंगले सबै बिल बुझाए । "दुःखको दिन गए । ८ महिनादेखि शुद्ध पानी पिउन पाइएको छ," समूहकी सचिव शोभा केसी भन्छिन्, "अहिले घरघरमै पानीको धारा छ । समस्या छैन । ४०/४५ घरमा पानीको दुःख छैन ।" प्राविधिकको सल्लाहमा पानी शुद्धिकरण हुने गरी ट्यांकी निर्माण गरिएको उनले बताइन् ।

फोहोर पानी पिउँदा गाउँमा झाडापखाला, टाइफाइड लगायतका समस्याले सताउँथ्यो । बालबालिकादेखि वृद्धवृद्धासम्म थलिन्थे । अहिले पानीका कारण बिरामी नभएको महिलाहरू बताउँछन् । अहिले समूहको बैठक नियमित बस्छ । महिलाहरू समूहमा छलफल भएपछि स्वास्थ्य संस्थामा औषधि, कृषिमा बीउबीजन, पशु कार्यालयमा भेटनरिको औषधि छ/छैन समूहका सदस्य गएर सोधपुछ गर्छन् ।

# उद्यमी र जनप्रतिनिधि बने दार्माका महिला

सल्यान, दार्मा गाउँपालिका-६ की देवी खत्री नौ वर्षको हुँदा आमा गुमाइन् । उनलाई दुई बहिनी हुर्काउनै समस्या भयो । दाजु पनि माओवादी विद्रोहमा संलग्न भए । १७ वर्षको हुँदा उनी पनि माओवादी समूहमा होलटाइमरका रूपमा आबद्ध भइन् । जिन्दगीको लामो समय उनी विद्रोही महिलाको रूपमा बिताइन् ।



खत्री अहिले उद्यमीका रूपमा चर्चित छन् । उनी जनप्रतिनिधिसमेत भएकी छन् । घरबाहिर कसैसँग बोल्नसमेत धक मान्ने खत्रीलगायत गाउँका महिला अहिले स्वरोजगार छन् । महिलामा यो परिवर्तन त्यत्तिकै आएको होइन ।

सहकर्मी समाजको नेतृत्व र दलित विकास समाजको सहनेतृत्वमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम लागू भएपछि दार्माका महिला एकजुट भए । २०७६ सालमा गोठी वन सामुदायिक समूह गठन गरे । समूहमा २५ जना महिलामात्र छन् । हरेक महिनाको १० गते बैठक बस्छ ।

समूहका ६ जना सदस्य अहिले उद्यमी बनेका छन् । लालिगुराँस उनी सल उद्योगको सञ्चालिका बनेका छन् । झण्डै डेढ लाख लगानी भएको छ । गाउँपालिकाबाट सीप विकास तालिम दिएको छ । सादा, चेक र बुट्टे गरी तीन किसिमका सल



उत्पादन गर्छन् । सादा सललाई साढे ६ सय पर्छ । चेकलाई आठ सय र बुट्टे सललाई २५ सय रुपैंयाँमा बिक्री गर्दै आएका छन् । समूहकी अर्की सदस्य पवित्रा विक गाउँमै स्वरो जगार हुन पुगेकोमा खुसी छन् ।

समूहकी सदस्य देवी खत्री दुई पटक जनप्रतिनिधिमा निर्वाचित भइसकेकी छन् । २०७४ सालको स्थानीय निर्वाचनमा उनी नेकपा माओवादीबाट वडा सदस्यमा उठिन् । निर्वाचित भइन् । त्यसैबेला नेतृत्व विकास तालिम लिने अवसर पाइन् । सुशासनमा नागरिक सहभागिता कार्यक्रमअन्तर्गत उनी नेतृत्व विकास तालिममा सहभागी भइन् । "पहिला बोल्न धक लाग्थ्यो । अहिले निर्धक्क बोल्छु," उनले भनिन्, "बस्ती बस्तीमा गएर यो जनातर्जुमा गरिन्छ । वडामा गएर योजना प्राथमिकता गरिन्छ । समूह, क्लब र राजनीति दलका प्रतिनिधिबीच छलफल भएपछि योजना प्राथमिकीकरण गरिन्छ ।"

खत्री आफै वडाध्यक्ष भएकाले स्थानीय सरकारसँग समन्वय र सहकार्य भइरहेको महिलाहरूले बताए ।